राष्ट्रिय साप्ताहिक
जनजिब्रो
Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– ४, साउन २६ गते शुक्रबार, २०८० (11 August, 2023) | www.janajibro.com | मूल्य रू. १०।-

# सेवा प्रवाह चुस्त पार्न प्रधानमन्त्रीको निर्देशन

## कार्यसम्पादन सम्झौतामा हस्ताक्षर, कामको नतिजा नै पुरस्कार र कारबाहीको आधार

■ जनजिब्रो संवाददाता



**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मन्त्री तथा विभागीय प्रमुखहरूलाई जनताले अनुभूति गर्न सक्ने गरी सेवा प्रवाहमा सुधार गर्न निर्देशन दिएका छन् ।

विभागीय मन्त्रीसँग कार्यसम्पादन सम्झौतामा हस्ताक्षरपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मन्त्री र सचिवलाई बिहीबार संयुक्त सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले छिटोछरितो, गुणस्तरीय र लागत किफायती हुने गरी सेवा प्रवाहको व्यवस्था मिलाउन निर्देशन दिएका छन् । कसैलाई पनि यो वा त्यो बहानामा आफूलाई सुम्पिएको कार्यसम्पादनअनुरूपको जिम्मेवारीमा ढिलाइ गर्ने छुट नभएको उल्लेख गर्दै जिम्मेवारी पूरा नगर्नेलाई कारबाही गरिने समेत प्रधानमन्त्रीले चेतावनी दिएका छन् । 'कार्ययोजनामा उल्लेख भएअनुसार प्रगति हासिल गर्ने मन्त्री, सचिव, विभागीय तथा आयोजना प्रमुखलाई पुरस्कृत गर्ने र लक्ष्यअनुसार प्रगति हासिल नगर्नेलाई सोही अनुसार अभिलेख राखी जिम्मेवारी फेरबदल गर्नेतर्फ सरकारले आवश्यक कदम चाल्नेछ'- प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

मासिक रूपमा हासिल गरेका गुणात्मक प्रगतिसहितको मासिक रिपोर्ट कार्डका आधारमा कार्यसम्पादन मूल्यांकन हुने प्रधानमन्त्रीले बताए । 'म र मन्त्रीबीच वार्षिक लक्ष्य किटानीसहित कार्यसम्पादन सम्झौता भएको छ । मन्त्री र सचिव तथा विभागीयस्तरमा समेत कार्यसम्पादन सम्झौता भइसकेको छ,' प्रधानमन्त्री प्रचण्डको थप भनाइ छ- 'कार्यसम्पादनको नतिजा नै यहाँलाई चुनौतीपूर्ण र महत्त्वपूर्ण जिम्मेवारी दिने,

क्रमशः अन्तिम पृष्ठमा

# विमानस्थल सुन प्रकरण : छानबिनबारे बेग्लाबेग्लै अडान

**काठमाडौं ।** यही साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट एक सय किलोभन्दा बढी सुन अवैधरूपमा भित्रिएको घटनामाथि उच्चस्तरीय छानबिन समिति वा नियमित सरकारी निकायबाट छानबिन गर्ने भन्ने सवालमा सत्तापक्ष र प्रमुख प्रतिपक्ष बेग्लाबेग्लै अडानमा बनाइरहँदा राष्ट्रियसभा र प्रतिनिधिसभा दुवै सदन प्रभावित हुँदै आएको छ ।

विमानस्थलबाट अवैधरूपमा बाहिरिएको र पक्राउ परेको एक सय किलोभन्दा बढी सुनका घटनामा सत्तापक्षले राज्यका सम्बन्धित निकायबाट हुने छानबिनमा सघाउन र यसको प्रतिवेदन आउने समयसम्म धैर्य गर्न प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) लाई आग्रह गरे पनि उसले उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गर्नुपर्ने अडान राखेको र त्यसबाट आफू पछि नहट्ने भन्दै दुवै सदनमा अवरोध सिर्जना गर्दै आएको छ ।

पटक-पटक सूचना टाँसेर सदनको बैठक स्थगन भइरहँदा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको पहलमा सदनको जारी गतिरोध र संसदीय समितिका सभापतिको चयनलगायतका विषयमा छलफल गर्न साउन २२ गते दुई पटक र साउन २३ गते एकपटक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहित प्रमुख तीन दलका शीर्ष नेताहरूको बैठक बसे पनि उक्त बैठकबाट कुनै उपलब्धी हासिल हुन सकेन ।

एमालेले विमानस्थलबाट अवैधरूपमा बाहिरिएको र पक्राउ परेको एक सय किलो सुनका घटनाका सम्बन्धमा उच्चस्तरीय छानबिन समिति माग गर्दै साउन १० गतेदेखि प्रतिनिधिसभाको बैठकमा अवरोध खडा गर्दै आएको छ । घटनामाथि सुरुमा राजस्व अनुसन्धान विभाग र हाल नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले छानबिन गरिरहेको उल्लेख छ ।

विभागले विमानस्थलबाट अवैधरूपमा बाहिरिएको झन्डै एक सय ५५ किलो सुन नियन्त्रणमा लिएपछि सरकारले सुन तस्करी अन्तरदेशीय संगठित अपराध भएको ठहर गर्दै साउन २१ गते नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)लाई अनुसन्धान गर्ने जिम्मा लगाएको छ ।


यसैबीच उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुन तस्करी प्रकरणको अनुसन्धानलाई निष्कर्षमा पुऱ्याएर दोषीलाई कुनै पनि हालमा कारबाही गरिने प्रतिबद्धता व्यक्त गरे । साउन २३ गते बिहानको बसेको शीर्ष नेताहरूको बैठकबीच सोही अपराह्न बस्ने प्रतिनिधिसभाको बैठकमा दलीय आधारमा एक-एक सदस्यले बोल्ने र उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले जवाफ दिने समझदारीबमोजिम उनले सो प्रतिबद्धता व्यक्त गरेका हुन् ।

'निर्धारित समयभित्र सिआइबीले अनुसन्धान गर्दा कुनै दुर्नियत देखियो वा छानबिनलाई तार्किक निष्कर्षमा पुऱ्याउन सकेन भने नयाँ शिराबाट बहस गरौं' बैठकबीच उपप्रधान एवं गृहमन्त्री श्रेष्ठले भने- 'तस्करी र भ्रष्टाचारीलाई छुट दिन हुँदैन, यस प्रकरणलाई विचलित हुन नदिऔं ।'

क्रमशः अन्तिम पृष्ठमा

# आमा– १०

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक-साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो । रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन् । कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास 'द मदर' सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । नेपालीमा समेत प्रकाशित 'आमा' उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ । यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन् । पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञानवर्द्धक हुने ठानी यस स्तम्भमार्फत 'आमा' उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं ।**



धारावाहिक उपन्यास
म्याक्सिम गोर्की

"म त यस्तै गर्छु ।"- इनाताले एउटा छेस्कोले आफ्नो खुट्टामा हिर्काउँदै भन्यो - "एकपल्ट उनीहरूको विरुद्ध लड्ने निर्णय गरिसकेपछि सीधा हिंड्याहिंड्यै गर्नुपर्छ ।"

कुराकानीको सिलसिला टुट्यो । हावामा माहुरी र भिंगाहरूको भनभनाहट सुनिंदै थियो । चराहरू ची-ची चुँ-चुँ गर्दै थिए र खेतपारिबाट कैले गाएको आवाज सुनिंदै थियो ।

"काम सुरु गर्ने बेला भयो ...।"- रीबिनले एकछिनपछि भन्यो । "तपाईंहरू एकछिन आराम गर्नोस् । छाप्रोमा केही तख्ताहरू छन् । याकोभ गएर केही सुकेका पातहरू बटुलेर ल्याउ र बिछ्याइदेउ... लौ आमा, ती किताबहरूचाहिं हामीलाई देऊ... ।"

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २९, अङ्क- ४, साउन २६ गते शुक्रबार, २०८०

## सम्पादकीय

# पटक-पटक निर्देशन सेवा प्रवाह र बजार यथावत्

प्रायः सवै सरकारले कर्मचारीतन्त्रलाई निरन्तरजसो एउटै निर्देशन दिइरहन्छन्- 'ढिलासुस्ती नगर्नू, घुस नखानू ।' यसैगरी सवै सरकार, मन्त्री र ओहोदावलाहरूले व्यापारी र बजारलाई निर्देशन दिन्छन्- 'मूल्यवृद्धि नगर्नू, कालोबजारी नगर्नू, उपभोक्ता नठग्नू ।' तर, यी निर्देशनहरू अन्ततः र सारतः पानीका फोका बन्दछन् र त्यत्तिकै बिलाउँदछन् ।

यसपटक प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले पनि मन्त्रीहरू, प्रशासकहरू र व्यापारीहरूलाई बारम्बार र पटक-पटक यस्तै निर्देशन दिँदै आएका छन् । र, हालैमात्र पनि 'कार्यसम्पादन सम्झौता' गरेर मन्त्रीहरूलाई र मन्त्रीहरूमार्फत त्यस्तै सम्झौता गराएर सरकारी अधिकारीहरूलाई कडाइपूर्वक निर्देशित गरेका छन् । तर, कर्मचारी र बजारको रवैयामा केही परिवर्तन वा सुधार आउला भनेर कुनै पनि नागरिकले पत्याउन सकेको छैन किनकि विगतदेखिकै 'परम्परा' र 'नजिर' त्यही किसिमको छ ।

वस्तुतः नागरिक हकको कदर गर्ने, मुलुक उकास्ने र विकास तथा समृद्धि ल्याउने कर्तव्य शासन-प्रशासन, अख्तियारी र जिम्मेवारीमा रहेका सवै पदाधिकारीको हो । अझ भन्नुपर्दा सम्पूर्ण नागरिककै हो । प्रशासकले माग्नुअघि नै घूस दिन नागरिक नै हात पसार्छ; घूसविना प्रशासकले कलम नै चोब्दैन । तर, यो 'ओपन सेक्रेट' बारे पर्याप्त सूचना र जानकारी हुँदाहुँदै पनि प्रमाणित गर्ने तहसम्मका प्रमाण र सामग्री मन्त्री र प्रधानमन्त्रीकहाँ पुग्दै पुग्दैन । तत्-तत् स्थानमै 'भागशान्ति जयनेपाल' गर्ने बानी र प्रणाली नै बसिसकेको नेपालमा ठूलै हस्तक्षेप र कुनै प्रकारको 'र्‍याडिकल अट्याक' नभई यसको समाधान हुन सक्ने खासै गुन्जायस देखिँदैन ।

यद्यपि, यसपटक प्रधानमन्त्रीको जुन तहको प्रयास, प्रतिबद्धता र पहलकदमी छ, त्योचाहिँ सर्वथा स्वागतयोग्य छ । आ-आफ्नो स्थान, हैसियत र गच्छेअनुसार सवैले योगदान गर्ने हो भने थोरै परिवर्तनको आभाष गराउन भने अवश्य नै सकिन्छ ।

## ... आमा- १०

आमा र सोफियाले आ-आफ्ना पोकाहरू खोल्न थाले ।

"ओह, कति धेरै ल्याउनुभएछ ।"- रीबिनले झुक्दै पोकाहरूमा हेरेर खुशीले चिल्लायो । लाग्छ, धेरै समयदेखि यस काममा लाग्नुभएको छ, के नाम हो रे तपाईंको ?"- उसले सोफियालाई सोध्यो ।

"आन्ना इभानोभ्ना ।"- सोफियाले जवाफ दिइन् - "बाह्र वर्षदेखि लागेकी छु... किन सोध्नुभएको ?"

"केही होइन, त्यसै । जेलमा पनि परिसक्नुभएको छ ?"

"हो ।"

"देख्यौ ?"- आमाले रीबिनलाई भनिन् - "तिमीचाहिँ चाहिँदो नचाहिँदो कुरा गर्दै थियौ...।"

ऊ एकछिन चुप लाग्यो र एक बन्डल किताब हातमा लिएर असजिलो मान्दै भन्यो :

"तपाईं मेरो कुरामा नरिसाउनुहोला । घरानियाँ मान्छेहरू र किसानहरू तारकोल र पानी जस्तै हुन्छन्, आपसमा घुलमिल गर्न सक्दैनन् ।"

"तर म त घरानियाँ सरानियाँ केही होइन, मान्छे हुँ, बस ।" - सोफियाले मुस्कुराउँदै भनिन् ।

"हुनसक्छ ।"- रीबिनले जवाफ दियो - "भन्छन् सुरुमा कुकुर पनि ब्वाँसो नै थियो । लौ, म यी चीजहरू लुकाएर आउँछु ।"

इग्नात र याकोभ हात फैलाउँदै उसकहाँ आइपुगे ।

"ल्याऊ, हेरौं कस्तो रहेछ ।"- इग्नातले भन्यो ।

"सब एकैनासका हुन् कि ?"- रीबिनले सोफियालाई सोध्यो ।

"होइन फरक फरक छन् । केही अखबारहरू पनि छन्...।"

"साँच्ची ?"

तीनैजना छिटो छाप्रोतिर लागे ।

"किसान तात्तिन थालेको छ ।"- उनीहरूलाई बडो ध्यानपूर्वक हेर्दै आमाले बिस्तारै भनिन् ।

"हो ।"- सोफियाले आफ्नो सहमति जनाइन् - "मैले उसको जस्तो अनुहार जिन्दगीमा आजसम्म कहिल्यै देखेकी थिइन । बिलकुल कुनै साधु जस्तो देखिन्छ । आउ, हामी पनि त्यतै लागौं, म उनीहरूलाई अझ राम्ररी हेर्न चाहन्छु...।"

"उसको कुरामा दुःख नमान्नुहोला.....।"- आमाले अनुरोधपूर्ण स्वरमा भनिन् ।

सोफिया हाँसिन् ।

"नीलोभ्ना कस्ती जाती मान्छे तपाईं हैं...!"

जब उनीहरू ढोका अगाडि आएर उभिए, इग्नातले उनीहरूतिर हेर्‍यो र फेरि आफ्नो घुँग्रिएका केशका औंला घुसार्दै निहुरेर घुँडामा राखिएको अखबार पढ्न थाल्यो । रीबिन छानाको एउटा प्वालबाट आइरहेको सूर्यको किरण अगाडि अखबार राखेर पढ्दै थियो र पढ्दा उसका ओठ हल्लँदै थिए । याकोभ एउटा तख्तामा अखबार फैलाएर अखबार अगाडि घुँडा टेकेर बसेको थियो ।

आमा छाप्रोको एउटा कुनामा बसिन् र सोफियाचाहिँ उनको काँधमा हात राखेर पछिल्तिर उभिइन् र चुपचाप ती तीनै व्यक्तिहरूतिर हेर्न थालिन् ।

"मिखाइल काका, खुब गाली गर्दैछन् हामी किसानहरूलाई ।"- याकोभले नफर्किकनै शान्त स्वरमा भन्यो । रीबिनले उसतिर हेरेर हाँस्दै जवाफ दियो -

"यो त माया गरेर पो गाली गरेका हुन् ।"

इग्नातले लामो सुस्केरा हाल्दै टाउको उठायो र आँखा बन्द गर्दै भन्यो - "लेख्छन्: 'किसानहरू त अब मान्छे जस्तो देखिन छाडे,' हो त नि साँच्ची मान्छे जस्तो देखिन छोडिसके ।"

उसको सीधासादा निष्कपट अनुहार अँध्यारो भयो, उसलाई यो कुरा मन नपरेजस्तो देखिन्थ्यो ।

"अचानोको पीर अचानैले थाहा पाउँछ । बडो सिकाउने भएका ।"

"म त एकछिन पल्टन्छु अब ।"- आमाले सोफियालाई भनिन् । "असाध्यै थाकें फेरि यो दुर्गन्धले पनि मेरो टाउको रिडाउन थालेको छ । तपाईं पनि एकछिन आराम गर्नोस् न ।"

"मलाई मन छैन ।"

आमा तख्तामा पल्टिन् र तुरुन्तै उघ्न थालिन् । सोफिया आमासँग बसेर ती किसानहरूलाई हेर्दै थिइन् । कुनै माहुरी अथवा बारुलो उड्दै आएर नजीकै भुनभुनाउन थाल्थ्यो, उनी बिस्तारै धपाउँथिन् । आमाका आँखा अझ पूरा बन्द भैसकेका थिएनन् र उनी देखिथिन् कसरी सोफिया बारुलो धपाउँदै छिन् । सोफियाले आफ्नो यस्तो वास्ता गरेकी देखेर आमाको हृदय पग्लियो ।

रीबिन उनीहरूको नजीक आयो र स्वर सानो पार्दै सोध्यो -

"निदाइन् ?"

"हो ।"

ऊ एकछिन चुपचाप उभिएर आमाको मुखमा हेरिरह्यो र त्यसपछि एक लामो सुस्केरा हाल्दै भन्यो -

"मलाई लाग्छ यी पहिली आइमाई हुन्, जसले यस्तो बाटोमा आफ्नो छोराको साथ दिएकी छिन् ।"

"सुत्न दिऔं उनलाई, आउनोस् हामी बाहिर जाऔं ।"- सोफियाले भनिन् ।

"हामीलाई त अब काम गर्नुछ । तपाईंसँग गफ गर्ने इच्छा थियो तर अहिले होइन साँझ गर्नुपर्ला । लौ केटा हो हिंड...।"

तीनैजना सोफियालाई छाप्रोमा छोडेर बाहिर निस्के ।

'ठीकै भो, चित्त बुझेछन् एक दोस्रोलाई...।'- आमाले मनमनै सोचिन् ।

उनी रुखहरू र तारकोलको गन्धले भरिएको त्यस छाप्रोमा निदाइन् ।

तारकोल कारखानामा काम गर्ने ती मजदूरहरू दिनभरिको काम सकेर साँझपख रमाउँदै छाप्रोमा फर्के ।

उनीहरूको आवाज सुनेर आमा बिउँझिन् । उनी हाई गर्दै, मुस्कुराउँदै छाप्रोबाट निस्किन् ।

"तिमीहरू दिनभरि काम गरेर फर्क्यौ, म चाहिँ रानीसाहेब जस्तो सुतेको सुत्यै छु ।" - उनीहरूतिर स्नेहपूर्वक हेर्दै आमाले भनिन् ।

"तिमी माफी पाउँछ्यौ ।"- रीबिनले भन्यो- ऊ धेरै शान्त देखिन्थ्यो, थकाइले बिहानको उसको सब जोश खतम पारिसकेको थियो ।

"इग्नात ।"- उसले भन्यो - "चिया बनाउने होइन त । खाना बनाउने काम हामी पालो लाएका छौं, आज इग्नातको खाना बनाउने पालो हो ।"

"आज म खुशीसाथ अरू कसैलाई आफ्नो पालो सुम्पन्थें हुँला ।"- इग्नातले आगो सल्काउन सुकेका हाँगा, छेस्काहरू बटुल्दै भन्यो ।

"तिमी ठान्छौ, तिमीलाई मात्र अतिथिहरूसँग बसेर गफ गर्ने सोख छ ।"- एफिमले भन्यो र सोफियानेर गएर बस्यो ।

"इग्नात म गरुँला तिमीलाई मद्दत ।"- याकोभले भन्यो । छाप्रोभित्र गएर उसले एउटा पाउरोटी लिएर आयो र पाउरोटी टुक्रा टुक्रा पारेर काट्दै टेबुलमा सजाएर राख्यो ।

"सुन्यौ ?"- एफिमले बिस्तारै भन्यो - "खोकेको आवाज...।"

रीबिनले एकछिन ध्यान दिएर सुन्यो र टाउको हल्लाउँदै भन्यो -

"हो उही हो, आइपुगेछ..।"

सोफियातिर हेर्दै उसले भन्यो -

"अहिले भेट हुनेछ हाम्रो जिउँदो साक्षीसँग । मेरो केही लाग्ने भए म यो मान्छेलाई लिएर शहर शहर घुम्थें, दोबाटोमा उभ्याउँथें र सबलाई उसको कुरा सुनाउँथें । ऊ सधैं एउटै कुरा गर्छ तर उसको यो कुरा सबैले सुन्न जरुरी छ....।"

गोधूलीको अन्धकार र निस्तब्धता बढ्दै थियो, अब मान्छेहरूको स्वर पनि बढी मधुर लाग्न थालेको थियो । सोफिया र आमा ती किसानहरूलाई नियालेर हेर्दै थिए । उनीहरू बिस्तारै काम गर्दै थिए, एक अनौठो सावधानीसाथ हिंडडुल गर्थे र बराबर ती आइमाईतिर हेर्थे ।

एकजना अग्लो, कुप्रिएको मान्छे जंगलबाट निस्क्यो । उसले लट्ठी टेकेको थियो । उसले स्वाँ स्वाँ गर्दै सास फेरेको आवाज टाढैबाट सुनिन्थ्यो ।

"लौ म आइपुगें ।"- उसले भन्यो र जोडले खोक्न थाल्यो ।

उसले भुईंसम्म लत्रिने लामो ओभरकोट लगाएको थियो । उसका कैलो केश थेप्चो परेको टोपीबाट लटकिरहेका थिए । उसको हड्डी मात्र बाँकी रहेका पहेंलो अनुहारमा कैलो रङ्को दाह्री उम्रिएको थियो, उसको ओठ सधैं खुला रहन्थ्यो र उसका आँखाहरू भित्रसम्म धसिएका भए पनि उनमा अनौठो चमक थियो ।

रीबिनले सोफियासँग उसको परिचय गराइसकेपछि नवागन्तुकले सोध्यो - "सुन्छु, तपाईंहरूले किताबहरू ल्याउनुभएको छ ?"

"हो ल्याएका छौं ।"

"धन्यवाद छ तपाईंहरूलाई....। जनताको तर्फबाट धन्यवाद छ । जनता आफैं अझ सच्चाइ बुझ्न असमर्थ छ । तर मैले यो सच्चाइ बुझिसकेको छु र म जनताको तर्फबाट तपाईंहरूलाई धन्यवाद दिन्छु ।"

ऊ छिटोछिटो स्वाँस्वाँ गर्दै सास फेर्थ्यो । यस्तो भान हुन्थ्यो मानौं उसले धेरै दिनदेखि सास फेर्ने मौका पाएको छैन । बोल्दा बोल्दै ऊ बीचबीचमा थामिन्थ्यो र कोटको टाँक बन्द गर्न आफ्ना पातला औंलाहरू छातीतिर लैजान्थ्यो ।

"यति अबेला जंगलमा हिंड्नु हुन्न तपाईले । चिसो बतास चल्दै छ फेरि सास फेर्न पनि गाह्रो छ यहाँ ।"- सोफियाले भनिन् ।

"अब मलाई फाइदा गर्ने केही कुरा बाँकी रहेन ।"- उसले स्वाँस्वाँ गर्दै भन्यो - "मृत्युले मात्र मलाई फाइदा गर्न सक्छ ...।"

उसको स्वर सुन्दा बडो दुःख लाग्थ्यो, हृदयमा एक असीम करुणा र लाचारीको भावना पैदा हुन्थ्यो र असाध्यै दिक्दारी लाग्थ्यो । ऊ आफ्ना खुट्टा बझ्याएर बिस्तारै एउटा पीपामा बस्यो, उसलाई आफ्नो खुट्टा भाँचिने बडो डर छ जस्तो लाग्थ्यो । उसले निधारको पसीना पुछ्यो । उसका जिग्रिङ परेका कपाल यसरी लट्केका थिए मानौं ऊ कुनै मुर्दा थियो ।

आगोको ज्वाला दन्किन थाल्यो, अकस्मात चारैतिर सब कुरा काँप्न थाले जस्तो लाग्यो, डढेको छायाँहरू जंगलतिर भाग्न थाले र धुनीको उज्यालोमा इग्नातको बाटुलो अनुहार देखापर्‍यो । आगो निभ्यो, वातावरणमा धुँवाको गन्ध फैलियो- बिस्तारै त्यस खुल्ला मैदानमा निस्तब्ध अन्धकार फैलियो, त्यो बिरामी मान्छेको कथा सुन्न पूरा वातावरण नै कान ठाडो पारेर बसेको छ जस्तो लाग्थ्यो ।

"म अझै पनि एक भयंकर अपराधको साक्षीको रूपमा जनताको लागि काम लाग्न सक्छु... मलाई हेर्नोस्... म भर्खर अठ्ठाइस वर्षको भएँ, तर कालको मुखमा पस्न थालेको छु । दशवर्ष पहिले म मजाले पाँच छ मनको बोझ उठाउँथें । म जस्तो हट्टकट्टा मान्छे कम्तीमा पनि सत्तरी वर्ष त मजाले बाँच्न सक्छ भन्ने मेरो पूरा विश्वास थियो । तर दश वर्ष पनि टिक्न सकिन, अब धेरै बाँकी छैन । मालिकहरूले मेरो सत्यानास गरे, मलाई बरबाद पारे- मेरो जीवनको चालीस वर्ष लुटे ।"

"यही एउटा धुन लागेको छ उसलाई ।"- रीबिनले धोत्रे स्वरमा भन्यो ।

फेरि आगोको ज्वाला दन्कियो । आगो अघि भन्दा पनि बढी जोडले दन्कँदै थियो, फेरि एकपल्ट छायाँहरू दौडदै जंगलतिर लागे र फर्केर चुपचाप आगो वरिपरि कुनै भयंकर नाँच नाँच्न थाले । चिसो दाउराबाट पट्याकपुटुक आवाज निस्कँदै थियो । रुखका पातहरू तातो हावाको झोंकाले कानेखुसी गर्दै थिए । राता पहेंला लपेटाहरू आपसमा खेल्दै थिए, कहिले एक दोस्रोसँग टाँसिन्थे त कहिले अकस्मात चारैतिर फिलिङो फैलाउँथे । एउटा बलेको पात हावामा उड्यो र रातको अन्धकारमा ताराहरूले मुस्कुराउँदै तल जमिनमा ती फिलिङोहरूतिर हेरे, मानौं उनीहरूलाई माथि आकाशतिर डाक्दै थिए ।

"यो मेरो धुन होइन, हजारौं मानिसहरू यही धुन अलाप्छन् तर उनीहरूले बुझेका हुँदैनन् उनीहरूको यस कष्टमय जीवन जनताको लागि कति शिक्षाप्रद हुन सक्छ । कामले सताइएका कति मानिसहरू लुला लङडा भएर भोकै मर्छन्...।"- उसले फेरि बडो जोडले खोकन थाल्यो, ऊ काँप्दै, झुक्दै खोकिरहेको थियो ।

याकोभले कवास रसको एक बाल्टिन र एक मुठो हरियो प्याज ल्याएर टेबुलमा राख्यो र भन्यो -

"साभेली, लौ यो दूध पिऊ..।"

रोगीले टाउको हल्लाउँदै दूध पिउन अस्वीकार गर्‍यो, तर याकोभले उसको हात समातेर तान्दै ल्यायो र टेबुल अगाडि बसाल्यो ।

सोफियाले रीबिनतिर हेर्दै सानो स्वरले भनिन्: "किन बिचरोलाई यहाँ डाक्नुभएको ? ऊ त कुनै पनि बेला मर्न सक्छ ...।"

"मलाई थाहा छ ।"- रीबिनले आफ्नो सहमति जनाउँदै भन्यो - "तर जबसम्म ऊ जिउँदो छ, उसलाई बोल्न दिनोस् । सारा जीवन बेकारमा खेर फाल्यो, अब असल कामको लागि अझ अलिकति कष्ट सहोस् । केही छैन ।"

"मलाई लाग्छ, तपाईंलाई यी सब कुरामा बडो मजा आइरहेको छ ।"- सोफियाले भनिन् ।

रीबिनले सोफियालाई हेर्‍यो र गम्भीर स्वरमा भन्यो -

"ठूलाबडाहरूलाई मात्र क्रसमा छट्पटाइरहेका ईसा मसीहको तारीफ गर्न मजा आउँछ । हामी त मान्छेको वेदनाबाट शिक्षा लिन चाहन्छौं र अरूले पनि केही सिकुन् भन्ने चाहन्छौं...।"

आमाले चिन्तित हुँदै आँखीभौं खुम्च्याइन् र भनिन् -

"पुग्यो अब, ज्यादा भैसक्यो......।"

टेबुल अगाडि बसेको रोगीले फेरि भन्न थाल्यो -

"म सोध्छु किन उनीहरू मानिसहरूलाई यस्तरी जोताउँछन् कि कालको मुखमा पुऱ्याइदिन्छन् ? किन उनीहरू यसरी मानिसहरूको जिन्दगी लुट्छन् ? म नेफोदोभ फैक्ट्रीमा काम गर्थें र त्यही फैक्ट्रीमा मैले आफ्नो जीवन सत्यानास पारें, जबकि हाम्रो मालिकले एउटी गायिकालाई हात मुख धुन सुनको टब उपहार दियो, हुँदाहुँदा कोपरासम्म पनि सुनको बनाइदियो । यही कोपरा बनाउन मेरो जिन्दगी बित्यो, मेरो शक्ति नष्ट भयो । केको लागि बरबाद भयो त मेरो जीवन ? किन मलाई जोताउँदा जोताउँदै घाटमा पुऱ्याए ? किनभने मालिक मेरो रगतको मोलमा आफ्नी रखौटीलाई खुशी पार्न चाहन्थ्यो, मेरो रगत बेचेर आफ्नी रखौटीको लागि सुनको कोपरा किन्न चाहन्थ्यो ।"

"मान्छे ईश्वरको नमुना हुन्छ भन्छन् ।"- एफिम भन्दै थियो - "यहाँ भने मान्छेसँग यस्तो व्यवहार गरिन्छ....।"

"चुप लागेर बस्नु हुन्न ।"- रीबिनले टेबुलमा मुक्का हिर्काउँदै भन्यो ।

"सहेर बस्नु हुन्न ।"- याकोभले बिस्तारै भन्यो ।

इग्नात हाँस्यो ।

आमाले देखिन् तीनै युवकहरू भोको आत्माको कहिल्यै शान्त नहुने उत्सुकता सहित साभेलीको कुरा सुन्दै थिए । रीबिनले बोल्दा उनीहरू चिन्तित दृष्टिले उसलाई हेर्थे । साभेलीको कुरा सुन्दा उनीहरूको अनुहारमा एउटा अनौठो मुस्कान देखा पर्थ्यो, बिरामीप्रति उनीहरूलाई सहानुभूति छैन जस्तो लाग्थ्यो ।

"के उसले भनेको कुरा साँचो हो ?"- आमाले सोफियातिर झुक्दै बिस्तारै सोधिन् ।

"हो साँचो हो ।" सोफियाले ठूलो स्वरमा जवाफ दिइन् - "यी उपहारहरूबारे मास्कोका अखबारहरूमा लेखिएको थियो....।"

"तर अपराधीले कहिल्यै दण्ड पाउँदैन ।"- रीबिनले आफ्नो धोत्रे स्वरमा भन्यो - "उसले सँजाय पाउनैपर्छ सब जनताको अगाडि ल्याएर टुक्रा टुक्रा पारेर काट्नुपर्छ र उसको सडेको लाश कुकुरहरूलाई खान दिनुपर्छ । हेर्नु जब जनता बिउँझनेछ यस्ताहरूले भयंकर सँजाय पाउने छन् ।"

क्रमशः चौथो पृष्ठमा

# ललितनिवास अनुसन्धानमा तीव्रता दिँदै प्रहरी : सात दिन हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति

**काठमाडौं ।** जिल्ला अदालत काठमाडौंले बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गा हिनामिना गरेको प्रकरणमा पक्राउ परेका २० जनालाई थप सात दिन हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

बुधबार प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) लाई अदालतले निजहरूलाई थप एक साता हिरासतमै राखेर अनुसन्धान गर्न अनुमति दिएको हो।

सरकारी जग्गा व्यक्तिको नाममा नामसारी गरेको प्रकरणमा सिआइबीले सरकारी कागजात कीर्ते र संगठित अपराधमा निजहरूमाथि अनुसन्धान गरिरहेको छ। सोही प्रकरणमा भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाहसहितका २० जना सिआइबीको हिरासतमा रहेका छन्।

ललिता निवासको जग्गा हिनामिना प्रकरणमा नेपाल प्रहरीले गहन रूपमा अनुसन्धान अघि बढाएको छ। सर्वोच्च अदालतले समेत तल्लो तहका व्यक्तिहरू मात्रै अनुसन्धानका दायरामा आएकाले निर्णयकर्ता र त्यसको पालनामा प्रत्यक्ष संलग्नहरूलाई समेत अनुसन्धानको दायरामा ल्याउन आदेश दिएकै बेला चार पूर्वमन्त्रीहरूविरुद्ध समेत पक्राउ पुर्जी लिएर अनुसन्धानलाई थप तीव्रता दिएको हो।

सो जग्गा प्रकरणमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले अनुसन्धान गरिरहेको छ। अदालतको आदेशपछि प्रहरीमाथि अनुसन्धानमा थप दबाब परेको छ। प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले अदालतको आदेशलाई 'नोटिस'मा राखेको बताए। उनले सो विषयमा महान्यायाधिवक्ता लगायतका सरकारी अधिकारीहरूसँग छलफल पनि बढाएको बताए।

सिआइबीले आइतबार पूर्वउपप्रधान एवं भौतिक योजनामन्त्री विजयकुमार गच्छदार, पूर्व राज्यमन्त्री सञ्जयकुमार शाह, पूर्वभूमि सुधारमन्त्री चन्द्रदेव जोशी र पूर्वमन्त्री डम्बर श्रेष्ठविरुद्ध पक्राउ अनुमति लिएको प्रहरी प्रवक्ता कुबेर कडायतले बताए। सिआइबीका अनुसन्धानमा संलग्न एक अधिकृतले भने 'ललिता निवास प्रकरणको अनुसन्धान तीव्र छ, कुनै कमी हुँदैन, निष्पक्ष रूपमा अघि बढ्छ, तथ्य र प्रमाणका आधारमा अनुसन्धान हुने भएकाले को केभन्दा पनि अपराधमा को संलग्न छ भन्ने कुरा महत्त्वपूर्ण हो, त्यही आधारमा काम अघि बढ्छ।'

हालसम्म पक्राउ परेको २३ जनामध्ये तीनजना बन्दी प्रत्यक्षीकरणको रिटमार्फत छुटेपछि घटनाको बाँकी २० जनालाई हिरासतमा राखेर अनुसन्धान जारी रहेको सिआइबीका प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए।

सर्वोच्च अदालतले ललिता निवास जग्गा प्रकरणमा तत्कालीन मन्त्रिपरिषदबाट निर्णय गर्ने र निर्णय प्रमाणित गरी कार्यान्वयन तहमा प्रत्यक्ष रूपमा संलग्न हुनेहरूमाथि अनुसन्धान गर्न आदेश दिएको छ।

विसं २०४९ देखि २०६९ को अवधिमा ललिता निवासको एक सय ४३ रोपनी जग्गा हिनामिना भएको थियो। उक्त प्रकरणमा तत्कालीन प्रधानमन्त्री, मन्त्रीका साथै सम्बन्धित मन्त्रालयका सचिव, गुठी संस्थान र मालपोत कार्यालयका अधिकारीहरू मुछिएका छन्।

# प्रतिनिधिसभा बैठक अवरोधप्रति रास्वपा असन्तुष्ट

**काठमाडौं ।** पछिल्लो समय पटक-पटक सदन अवरोध भएकाप्रति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले असन्तुष्टि व्यक्त गरेका छन्। रास्वपाले प्रतिनिधिसभाको बैठक अवरोध हुँदा जनताका मुद्दाप्रति शीर्षनेताहरू जिम्मेवार नदेखिएको भन्दै असन्तुष्टि जनाएको हो।

रास्वपाका सांसदहरूले बुधबारको बैठक समेत बस्न नसकेपछि संसद दलीय भागबन्डाको बन्धक भएको आरोप समेत लगाएका हुन्। पार्टी सभापति एवं रास्वपाका संसदीय दलका नेता रवि लामिछानेले सदन गतिरोधप्रति सामाजिक सञ्जालमार्फत असन्तुष्टि पोख्दै त्यस्तो आरोप लगाएका हुन्।

'कैयौं कानुन बनाउनुपर्नेछ, कैयौं कानुनमा संशोधन गर्नुपर्नेछ। जनसरोकारका कैयौं मुद्दामा छलफल र निर्णय गर्नुछ। तर संसद चल्दैन, बार्गेनिङ चल्छ' उनले सामाजिक सञ्जाल फेसबुकमा भनेका हुन्। रास्वपाको संसदीय दलका प्रमुख सचेतक सन्तोष परियारले मुख्य तीन दलका कारण संसद अवरुद्ध हुँदै आएको भन्दै आपत्ति जनाएका हुन्। 'संसदमा महत्त्वपूर्ण विधेयकमाथिको छलफल हुन सकेको छैन, जनताको मुद्दामाथि बहस भइरहेको छैन' उनले- 'सत्तापक्ष र प्रतिपक्षका नाममा तीन पार्टीले सदनलाई बन्धक बनाउने कामको रास्वपाले विरोध गर्छ।'

यही साउन दुई गते अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिएर समातिएको अवैध सुन तस्करी प्रकरणको विषयमा नियमित सरकारी निकायबाट नभई अनुसन्धानका लागि उच्चस्तरीय छानबिन समिति बनाउनु पर्ने माग राख्दै प्रतिपक्ष नेकपा (एमाले) पटक-पटक सदन अवरोध पार्दै आएको छ।

# राष्ट्रिय साइबर सुरक्षा नीति स्वीकृत गर्ने सरकारको निर्णय

**काठमाडौं ।** मंगलबार बसेको मन्त्रिपरिषदको बैठकले 'राष्ट्रिय साइबर सुरक्षा नीति, २०८०' स्वीकृत गर्ने निर्णय गरेको छ। सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रिपरिषदको यही साउन २३ गतेको बैठकले उक्त निर्णय गरेको जानकारी दिइन्।

मन्त्रिपरिषद बैठकको निर्णय सार्वजनिक गर्न सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री शर्माले सो जानकारी दिएकी हुन्। बैठकले मन्त्रिपरिषद आर्थिक तथा पूर्वाधार समितिबाट पेस भएको सिंहदरबारको संशोधित गुरुयोजना स्वीकृत गर्ने निर्णय समेत गरेको छ।

सोही बैठकले आर्थिक तथा पूर्वाधार समितिबाट पेस भएको बैंकिङ कसूर तथा सजाय (दोस्रो संशोधन) विधेयक, २०८० संघीय संसदमा पेस गर्न स्वीकृति दिनेसहित पाँच दरका १५ करोड थान सिक्का टकमरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने निर्णय समेत गरेको छ।

यस्तै बैठकले कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्मालाई स्वीट्जरल्याण्डको जुरिचमा २०८० भदौ १५ देखि १६ गतेसम्म आयोजना हुने 'कोअपरेशन इन फाइनान्सिङ, सोल ह्युमनिटेरियन पिपिपी एन्ड ग्रिन प्रोग्राम' लगानी सहकार्य विषयेक कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको हो।

मन्त्रिपरिषदले थाइल्याण्डको बैंककमा आगामी २०८० भदौ ५ र ६ गते आयोजना हुने 'हाइ लेभल युरो एशिया रिजनल रिभ्यु अफ दि भियाना प्रोग्राम अफ एक्सन अफ दि एलएलडिसीस' मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजाललाई स्वीकृति दिइएको छ।

यस्तै स्वीडेनमा आगामी भदौ १९ र २० मा आयोजना हुने 'इन्गेजिङ इन्डिजिनस पिपुल इन इलेक्सन' कार्यक्रममा सहभागी हुन प्रमख निर्वाचन आयुक्तलाई स्वीकृति दिने निर्णय गरेको सरकारले मित्रराष्ट्र जनवादी गणतन्त्र चीनको कुनमिङग सहरमा साउन ३१ देखि भदौ ३ गतेसम्म आयोजना हुने सातौं 'चाइना साउथ एशिया एक्सपोजिन चाइना इम्पोर्ट एन्ड एक्सपोर्ट फेयर'मा सहभागी हुन उपराष्ट्रपतिको चीन भ्रमणको कार्यक्रम स्वीकृत गरेको छ।

यसैगरी बैठकले आगामी असोज १३ देखि १७ गतेसम्म संयुक्त राज्य अमेरिकाको टेक्सासमा आयोजना हुने '२०२३ आइसिएमए एनुअल कन्फेनेन्स' विषयका कार्यक्रममा विराटनगर महानगरपालिका प्रमुख नागेश कोइरालालाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको सञ्चारमन्त्री शर्माले जानकारी गरिन्।

मन्त्रिपरिषदको सोही बैठकले सरकारले हेटौंडा-डल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन आयोजनाको सुनसरी, उदयपुर, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र मकवानपुर जिल्लामा प्रसारण लाइनको अधिकार क्षेत्रभित्र पर्ने जग्गा र सोभित्र रहेको संरचनाको क्षतिपूर्ति निर्धारण गर्न समितिको अध्यक्ष र सदस्य तोक्नेलगायतका निर्णय गरेको पनि उनले जानकारी दिइन्।

# दस हजार नाघे डेङ्गु भाइरसका संक्रमित

**काठमाडौं ।** मुलुभरका ७४ जिल्लमा फैलिएको डेङ्गु भाइरसको संक्रमण दस हजार सात सय २६ पुगेको र सात जनाको मृत्यु समेत भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले बताएको छ।

महाशाखाका सार्वजनिक गरेको तथ्यांकअनुसार पानी र सरसफाइमा ध्यान नदिँदा डेङ्गुको संक्रमण बढ्दै गएको हो। महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासनीले लगातार परिरहेको पानी र सरसफाइमा ध्यान नदिँदा डेङ्गु सङ्क्रमण वृद्धि हुँदै गएको बताए। उनले यसरी नै डेङ्गु सङ्क्रमण बढ्दै जाने हो भने भदौ र असोजमा उच्च हुने पनि बताए।

सन् २०२२ मा ५४ हजार सात सय ८४ जनामा सङ्क्रमण र ८८ जनाको मृत्यु भएको थियो। सङ्क्रमण देखिएकामध्ये सबैभन्दा बढी सुनसरीमा भेटिएको छ। महाशाखाका अनुसार सुनसरीमा ६ हजार ४१ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ। डेङ्गु पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेङ्गु रोग लाग्छ।

यस्तै कोशी प्रदेशमा ८ हजार एक सय नौ जना, बागमती प्रदेशमा एक हजार चार सय ५३ जना, गण्डकी प्रदेशमा चार सय ७१ सुदूरपश्चिम प्रदेशमा तीन सय ९३ जना, लुम्बिनी प्रदेशमा दुई सय १५ जना, मधेस प्रदेशमा ५७ र कर्णाली प्रदेशमा २८ जनामा संक्रमित भएका छन्। नयाँ देखिएका बिरामीमध्ये ९ हजार ६ सय १२ (८९ दशमलव ६) प्रतिशत) बिरामी १० जिल्लाका रहेका छन्।

यसैगरी मोरङ एक हजार तीन सय ४४, धादिङ एक हजार २७ जना, कास्की दुई सय २५ जना, धनकुटा दुई सय २३, दार्चुला एक सय ९२ जना, झापा एक सय ८२, काठमाडौं एक सय ५१ सङ्खुवासभा एक सय ४८ जना र तनहुँ ७९ जनामा डेङ्गुका बिरामी फेला परेका छन्।

लामखुट्टेबाट बच्न मन्त्रालयले सधैँ भ्ुल टाँगेर मात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन र घरको झ्याल ढोकामा जाली हाल्न लामखुट्टे भगाउने धुप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपन्छी व्यवस्थित ढंगले पाल्न र घर वरिपरि गमला, टायर वा कुनै पनि खुला भाडामा पानी जम्न नदिने आग्रह गरेको छ।



# ... आमा- १०

आफ्ना अपमानको बदला लिन उसले धेरै रगत बगाउनेछ। यो जनताको रगत हो, उसको नसानसामा निचोरेर जम्मा पारिएको रगत हो, त्यसैले उसलाई यो रगत आफूले चाहेजस्तो बगाउने अधिकार छ।"

"मलाई त जाडो लाग्न थाल्यो।"- रोगीले भन्यो।

याकोभले उसलाई सहारा दिएर उठायो र आगोनेर बसाल्यो।

अब आगो दन्किँदै थियो, धुनी वरिपरि अस्पष्ट छायाँहरू नाँच्दै थिए र आगोका लपेटाहरूको त्यो उल्लासमय खेल हेर्दै थिए। साभेली एउटा मुढोमा बस्यो र आफ्ना बक्रिएका हात अगाडि बढाएर आगो ताप्न थाल्यो। उसका हात असाध्यै पातला र सुकेका थिए। रीबिनले टाउकोको इशाराले उसतिर देखाउँदै सोफियालाई भन्यो -

"यस्तो कुरा किताबमा लेखिए भन्दा अलि बढी नै तीखो हुन्छ। जब कुनै मान्छे मेशिनमा काम गर्दै मर्छ अथवा उसका हातखुट्टा काटिन्छन् तब भन्छन् उसको आफ्नै दोष थियो। तर जब कसैको एकएक थोपा गरेर रगत निचोर्छन् र अनि सडेको मासुजस्तो फालिदिन्छन्, तब यसको लागि कुनै पनि बहाना हुनसक्दैन। जब कुनै कारणले मान्छेको हत्या गरिन्छ, कसैलाई एकैचोटि मारिदिन्छन् म अझ बुझ्न सक्छु, तर जब खालि रमाइलो गर्नको लागि कसैलाई सताइसताइ मार्छन्, म यो कुरा बुझ्न सक्दिन। किन यसरी जनतालाई यातना दिन्छन् ? किन यसरी हामीलाई सताउँछन् ? खालि मजा गर्नको लागि, दिल बहलाउनको लागि, मात्र यस निमित्त कि मुठ्ठीभर मान्छेहरूलाई यो संसारमा बाँच्न रमाइलो होस्, मान्छेको रगतले जे मन लाग्यो त्यही किन्न सकुन्, अभिनेत्रीहरू, घोडादौडका घोडाहरू, चाँदीका काँटा छुराहरू, सुनका रिकापीहरू, आफ्ना केटाकेटीहरूको लागि महँगा महँगा खेलौनाहरू, सब किन्न सकुन्। मालिक भन्छन् : "काम गर। सकेसम्म बढी काम गर। म तेरो मेहनतले आफ्नो खवीटीको लागि सुनको कोपरा किर्नुला।"

यो कुरा सुनेर आमालाई पाभेल र उसका सबै सहयोगीहरूको याद आयो र अँध्यारोमा भमक्क बिजुली चम्केजस्तो उनीहरूको त्यो उज्ज्वल बाटो देखा पऱ्यो।

खाना खाइसकेपछि सबैजना अगेना वरिपरि बसेर आराम गर्न थाले आगो दन्किँदै थियो, निस्पट अन्धकारले पूरा आकाश र जंगललाई ढाकिदिएको थियो। रोगी खोक्दै, काँप्दै यसरी आगोको ज्वालामा टुवाल्ल परेर हेरिरहेको थियो, मानौं उसको शरीरमा बाँकी रहेको जीवन शक्ति पनि उसको रोगी छातीबाट बाहिर निस्कन खोजिरहेको छ। उसको फीका अनुहारमा आगोको प्रकाश पर्दै थियो, तर उसको अनुहार एकदम निर्जीव देखिन्थ्यो, खालि उसका दुई आँखा मात्र निभ्न लागेको बत्ती जस्तो चम्कँदै थिए।

"पाभेली छाप्रोभित्र गएर बस्छौ कि ?"- याकोभले उसतिर भुक्दै भन्यो।

"होइन म यहीं बस्छु।"- उसले बडो कठिनाइपूर्वक जवाफ दियो - "पछि गएर शायद नै यसरी मान्छेहरूसँग एकसाथ बसेर गफ गर्ने मौका पाइएला....।"

उसले चारैतिर हेऱ्यो र एकछिनपछि सुक्खा हाँसो हाँस्दै भन्यो - "यहाँ तपाईंहरूकहाँ रमाइलो रहेछ। जब म तपाईंहरूलाई देख्छु तब मलाई विश्वास लाग्न थाल्दछ तपाईंहरूले अवश्य पनि ती व्यक्तिहरूको लागि, त्यस जनताको लागि जसलाई लुटे, जसलाई लोभी, पापीहरूले मिचे, कुल्चे बदला लिनुहुनेछ।"

कसैले पनि बोलेन, ऊ एकैछिनमा आफ्नो थकित टाउको लट्काएर उँघ्न थाल्यो। रीबिनले उसतिर हेऱ्यो र बिस्तारै भन्यो -

"सधैं यसैगरी हामीकहाँ आउँछ र एउटै कुरा गर्छ- मानिसहरूको उपहारबारे आफ्नो यो कहानी सुनाउँछ। उसका नसानसामा यही कुरा छ, अरू कुनै कुरा उसको दिमागमै आउँदैन, ऊ अन्धो जस्तो यही एउटा कुरा मात्र देख्छ।"

"बिचरोले अरू गर्न नै के सक्छ र ?"- आमाले केही कुरा सोच्दै भनिन् - "यदि हजारौंहजार मानिसहरू रात दिन काम गरेर यस निमित्त आफ्नो ज्यान फाल्छन् कि उनीहरूका मालिकहरू संसारभरको मोजमज्जामा आफ्नो पैसा लुटाउन सकुन्, तब अरू गर्न नै के सकिन्छ र...?"

"अब त उसको कुरा सुन्न पनि वाक्क लागिसक्यो।"- इग्नातले बिस्तारै भन्यो - "यस्तो कुरा एकपल्ट सुन्दा त कहिल्यै बिर्सन सकिन्न, ऊचाहिं सधैं यही मात्र कुरा गर्छ।"

यदि मान्छेको सारा जीवन यही कुरामा कोच्चिएको छ भने के गर्ने त ?"- रीबिनले गम्भीरतापूर्वक भन्यो। "मैले दशौंपल्ट उसको यो कहानी सुनिसकें, तैपनि कहिलेकाहीं मलाई शंका लाग्न थाल्छ, विश्वास गर्न मन लाग्दैन कि मान्छेहरू यति नीच र बदमाश हुन सक्दा रहेछन्... त्यस बेला धनी गरीब सबको माया लाग्छ... यस्तो लाग्न थाल्छ धनीहरू पनि भ्रममा परेका मात्र त होइनन्। यस्तो भान हुन्छ मानौं कोही भोकमर्काले अन्धा भएका छन् त कोही लोभलालचले। अनि सोच्न थाल्छु ए मान्छेहरू हो, ए भाइहरूहो। आँखा खोल इमान्दारीपूर्वक सोच, आफूबारे मात्र नसोच।"

रोगी चलमलायो, आँखा खोल्यो फेरि त्यही जमिनमा पल्टियो। याकोभ चुपचाप उठेर छाप्रोभित्र पस्यो र त्यहाँबाट भेँडाको छालाले बनेको ओभरकोट लिएर आयो। उसले त्यो ओभरकोट रोगी दाजुलाई ओढाइदियो र फेरि सोफिया नजीक बस्यो।

आगोका लपेटाहरूले त्यस अँध्यारोमा चारैतिर बसेका आकृतिहरूलाई आलोकित गर्दै थिए र उनीहरूको गम्भीर आवाज, लपेटाहरूको सरसराहट र दाउराहरूको चट्याकचुटुक आवाजहरू त्यस शान्त वातावरणमा विलिन हुँदै थिए।

सोफियाले उनीहरूलाई बताइन् कसरी संसारभरिका मान्छेहरू बाँच्ने अधिकारको लागि संघर्ष गर्दैछन्, पुरानो जमानामा जर्मनीका किसानहरूले कसरी विद्रोह गरेका थिए, आयरल्याण्डका जनता कस्तो दयनीय अवस्थामा बाँचेका छन् र स्वतन्त्रता संग्राममा फ्रान्सेली मजदूरहरूले कस्तो वीरता देखाउँदै छन्....।

रातको मखमली ओढ्ने ओढेको त्यस जंगलनेरको, सानो खुला मैदानमा पर्खाल जस्तो रुखहरू उभिएका थिए र आकाशरूपी कालो छतले माथिबाट छोपिएको थियो, चारैतिर आगोको ज्योति फैलिएको थियो र विस्मित तथा द्वेषपूर्ण छायाँहरूले त्यो धुनी घेरेका थिए, यस्तै घटनाहरूसम्बन्धी वर्णनहरू सुनाईंदै थियो जसले नीच फटाहा ती धनी मानिसहरूको दुनियाँको जग नै हल्लाइदिन्थ्यो। सच्चाइ र स्वतन्त्रताको लागि त संघर्ष गर्ने ती व्यक्तिहरूको एकपछि अर्को नाम लिईंदै थियो र यस्तो लाग्थ्यो कि एकएक गर्दै संसारभरका समस्त जातिहरूका मानिसहरू लडाईंले व्यस्त भएर, रगतमा लथपथिएर जाँदै छन्।

सोफियाको स्वर मन्द र कठोर लाग्थ्यो। यो आवाज अतीतको गहिराइबाट आइरहेको प्रतीत हुन्थ्यो। अन्य देशहरूमा बस्ने आफ्ना दाजुभाइहरू सम्बन्धी यी कथाहरू बडो ध्यानपूर्वक चुपचाप सुनिरहेका ती व्यक्तिहरूको हृदयमा उनको यस आवाजले आशा र विश्वास जगाउँदै थियो। सोफियाको त्यो दुब्लो पातलो फीका अनुहारमा ध्यानपूर्वक हेर्दै उनीहरूले विश्वभरिका समस्त जातिहरूको पुनीत उद्देश्य स्वतन्त्रताको लागि निरन्तर संघर्ष गर्ने ध्येय बढी राम्ररी बुझ्न थाले। उनीहरूले बुझे- उनीहरू सपना र आकांक्षाहरू पनि त्यस्तै छन् जस्तो प्राचीनकालका अज्ञात जातिहरूको थियो। उनीहरूलाई यस्तो लाग्थ्यो कि त्यस अतीत र वर्तमान बीचको इतिहासमा कालो रक्तरञ्जित पर्दा भुन्डिएको छ। आफ्ना भावना र विचारहरूमा उनीहरू सम्पूर्ण विस्तृत संसारसँग सम्पर्क राख्थे यस संसारमा उनीहरू त्यस्ता मित्रहरू भेट्टाउँथे, जो पृथ्वीमा न्यायको राज्य स्थापना गर्ने सूत्रमा एकबद्ध थिए र उनीहरू जुन कठिनाइ सहँदै थिए र जीवनलाई अझ सुखी बनाउन जुन रगत बगाउँदै थिए, त्यसले उनीहरूको संकल्पलाई पुनीत बनाइदिएको थियो। विश्वका समस्त जनतासँग आत्मिक सम्बन्धको एक नयाँ भावना पैदा भयो, विश्वले मानौं एक नयाँ हृदय भेट्टायो- एक त्यस्तो हृदय जसमा हरेक कुरा थाहा पाउने, हरेक कुरा बुझ्ने जिज्ञासाको स्पन्दन थियो।

"त्यो दिन अवश्य आउनेछ, जब सबै राष्ट्रहरूका मजदूरहरूले टाउको उठाउनेछन् र दृढतापूर्वक भन्नेछन् - "अति भो। हामी यसरी बाँच्न चाहन्नौं।"- सोफियाले दृढ विश्वाससहित भनिन् - "त्यसबेला ती मानिसहरूको कपटी शक्ति जुन आफ्नो लोभलालचको बलले मात्र शक्तिशाली छ चकनाचूर हुनेछ, उनीहरूको खुट्टामुनिको जमिन भासिनेछ र उनीहरूको लागि कुनै सहारा बाँकी रहनेछैन ...।"

"साँचो हो।"- रीबिनले टाउको भुकाउँदै भन्यो - "यदि हामी सबै कुरा छाडी तिलाञ्जलि दिन तयार हुन्छौं भने हामीले गर्न नसक्ने कुनै कुरा छैन।"

आमा एकटकले सोफियातिर हेर्दै बडो ध्यानपूर्वक उनको कुरा सुनिरहेकी थिइन्। आमाको ओठमा सुखद विष्मयपूर्ण मुस्कुराहट खेलिरहेको थियो। आकस्मिकता, उच्छ्रंखलता र उद्विग्नता, ती सब कुराहरू जुन उनलाई सोफियाको चरित्रमा अस्वभाविक लाग्थे अहिले यस वृतान्तको कौतूहलपूर्ण शान्त प्रवाहमा गायब भए। आमालाई रगतको निस्तब्धता, आगोको लपेटाहरूको क्रीडा र सोफियाको अनुहार सब कुरा धेरै राम्रो लागिरहेको थियो- तर सबैभन्दा रमाइलो त उनलाई कुन कुरामा लागिरहेको थियो भने किसानहरू बडो ध्यानपूर्वक सोफियाको कुरा सुन्दै थिए। उनीहरू चुपचाप सास रोकेर बसेका थिए, उनी चाहन्थे, त्यस वृत्तान्तको निर्बाध प्रवाह नरोकियोस्, उनीहरूलाई डर थियो कहीं त्यो चम्किलो धागो नचुँडियोस्, जसले बाह्य विश्वसँग उनीहरूको सम्बन्ध जोडेको थियो। बीचबीचमा उनीहरूमध्ये कोही उठेर बडो सावधानीपूर्वक आगोमा दाउरा थप्थे, धुनीबाट निस्केका चिनगारीहरूका छिटा र धुँवाको बादलबाट आइमाईहरूलाई बचाउन जोडतोडले आफ्नो हात हल्लाउँथे।

एकपल्ट याकोभ उठ्यो र बिस्तारै भन्यो - "एकछिन पर्खनोस् त...।"

ऊ दौडँदै छाप्रोभित्र पस्यो र त्यहाँबाट केही ओढ्नेहरू लिएर आयो। इग्नात र ऊ मिलेर चुपचाप ती ओढ्नेहरूले अतिथिहरूका काँध र खुट्टाहरू छोपिदिए। सोफिया बोल्दै थिइन्, उनले विजय दिवसको चित्रण गरिन्, उनी ठूलाबडाको मूर्खतापूर्ण आमोदप्रमोदको लागि रातदिन रगत पसिना बगाएर आफ्नो जीवन खेर फाल्ने सबै मानिसहरू भाइचारा सम्बन्धमा बाँधिएका छन् भने चेतना ती किसानहरूमा पैदा गर्न चाहन्थिन्। उनीहरूको हृदयमा आत्मविश्वासको भावना जगाउन चाहन्थिन्। सोफियाका ती शब्दहरूले आमालाई उत्तेजित पारेनन्, बरु ती शब्दहरूले जुन भातृत्वको भावन पैदा गऱ्यो, त्यसले गर्दा आमाको हृदय ती मानिसहरूप्रति, जो आफ्नो जीवन बलिदान गरेर रातदिन परिश्रम गर्ने मानिसहरूसम्म विवेक र इमान्दारीको प्रेम र सच्चाइको सन्देश पुऱ्याउँदै छन्, कृतज्ञताको भावनाले ओतप्रोत भयो।

'ईश्वरले यिनीहरूको रक्षा गरुन्।'- आमाले आँखा बन्द गर्दै मनमनै प्रार्थना गरिन्।

सोफियाले आफ्नो कुरा सक्याउँदा मिर्मिरे उज्यालो हुन थालिसकेको थियो। उनले थकित मुस्कानसहित चारैतिर हेरिन् र आफ्नो वरिपरि विचारमग्न, खुशीले चम्कँदा अनुहारहरू देखिन्।

"अब हामीलाई पनि हिंड्ने बेला भयो।"- आमाले भनिन्।

"हो, अब हिंड्नुपर्छ।"- सोफियाले थकित आवाजमा जवाफ थिइन्।

एकजना युवकले गहिरो सुस्केरा हाल्यो।

"कस्तो नमजा त, तपाईंहरूको हिंड्ने वेला पनि भैसकेछ।"- रीबिनले अत्यन्त कोमल स्वरमा भन्यो- "तपाईं कति राम्ररी सब कुरा बुझाइ दिनुहुन्छ। मानिसहरूबीच भ्रातृत्वको भावना पैदा गर्नु धेरै ठूलो कुरा हो। जब मान्छेले यो कुरा बुझ्न थाल्छ कि अरू लाखौं मान्छेहरू पनि त्यसै कुराको लागि संघर्ष गर्दै छन् तब उसको हृदयमा प्रेमको बाढी उर्लन थाल्छ। स्नेह भने धेरै शक्तिशाली कुरा हुँदोरहेछ।"

"हो तिमी माया गर्दै जानु, उसले चाहिं पछाडिबाट हिर्काउनेछ।"- एफिमले भन्यो र उभिँदै हाँस्न थाल्यो - "मिखाइल काका, कसैले चाल पाइहाल्नु भन्दा अगाडि हाम्रा अतिथिहरूलाई यहाँबाट बिदा गर्न पाए बेस हुन्थ्यो। हामीले किताबहरू बाँड्न सुरु गर्ना साथ पुलिसले सोधपुछ गर्न थालिहाल्नेछ, अनि कसैले भनिदिइहाल्नेछ : "उः क्या त, दुष्टी आइमाईहरू तीर्थयात्रा जान आएका थिए...।"

"आमा तपाईंले जुन दुःख गर्नुभयो त्यसको लागि धेरै धन्यवाद।"- रीबिनले बीचैमा एफिमको कुरा काट्दै भन्यो - "जब म तपाईंलाई देख्छु त पाभेलको याद आउन थाल्छ। राम्रो बाटो भेट्टायौ तिमीले...।"

उसको व्यवहार अत्यन्त कोमल थियो। ऊ बडो हार्दिकतासहित मुस्कुराउँदै थियो। चिसो बतास चल्दै थियो तर उसले कोट लगाएको थिएन, त्यसमाथि कमीजको टाँक पनि खुलै छोडेको थियो, छाती खुला थियो। आमाले उसको बडेमाको शरीरतिर हेर्दै स्नेहपूर्वक भनिन् -

"कुनै ओढ्ने ओढेर बस, चिसो हुन थालिसकेको छ।"

"हृदयको गर्मीले तताउँछ।"- उसले जवाफ दियो।

तीनै जना युवकहरू धुनी अगाडि उभिएर बिस्तारै कुरा गर्दै थिए, त्यो रोगीचाहिं भेडाको छालाले बनेको त्यही ओभरकोटमा गुटमुटिएर जमिनमा पल्टेको थियो। आकाशबाट अन्धकार हट्न थाल्यो, छायाँहरू बिलाउन थाले र सूर्योदयको पूर्वाभासले पातहरू हल्लन थाले।

"लौ त, अब फेरि कहिले भेट होला खोइ।"- रीबिनले सोफियातिर हात बढाउँदै भन्यो - "शहरमा तपाईंलाई कसरी भेट्टाउने हो ?"

"मलाई खोज्नु, भेट्टाइहाल्छौ।"- आमाले भनिन्।

तीनै जना केटाहरू बिस्तारै एकैसाथ सोफियाको नजीक आए र बडो शिष्टतासहित उनीसँग हात मिलाए र स्पष्ट थियो उनीहरूमध्ये प्रत्येकले भित्रभित्रै एक अव्यक्त उल्लासको भावना अनुभव गर्दै थियो। कति सुखद र मित्रतापूर्ण थियो त्यो उल्लास। यो भावना उनीहरूको लागि कति नौलो थियो भने उनीहरू अन्यौलमा परे। रातभरि नसुतेकाले उनीहरू निदाएका आँखाले मुस्कुराउँदै चुपचाप सोफियातिर हेर्दै थिए र यताउता खुट्टा सार्दै थिए।

"हिँड्नु अगाडि अलि दूध पिउनुहुन्छ कि ?"- याकोभले सोध्यो।

"के दूध बाँकी छर?"- एफिमले सोध्यो।

"छैन।"- इग्नातले भन्यो र लाज मान्दै टाउको कन्याउन थाल्यो - "पोखियो...।" तीनै युवकहरू हाँसे।

किन उनीहरूले दूधको कुरा उठाएछन् भन्ने कुरा आमाले बुझिहालिन्। आमाले बुझिन् उनीहरू अर्कै कुरा सोच्दै थिए, आमा र सोफियाप्रति सहृदयताको भावनाले उनीहरूको हृदय ओतप्रोत थियो र केटाहरू आफ्नो शुभकामना प्रकट गर्न चाहन्थे। सोफियाले पनि यो कुरा अनुभव गरिन्, उनलाई असजिलो लागिरहेको थियो र मात्र यत्तिकै भनिन् -

"साथीहरू, धन्यवाद छ तपाईंहरूलाई।"

युवकहरूले एक दोस्रोतर्फ यसरी हेरे मानौं सोफियाको शब्दले उनीहरूको हृदयमा अकस्मात एक नयाँ प्रेरणा जगाइदिएको छहा।

रोगी बडो जोडले खोक्न थाल्यो। धुनीको आगो निभिसकेको थियो।

"लौ त नमस्कार।"- किसानहरूले बिस्तारै भने र उनीहरूका यी उदास शब्दहरू धेरै बेरसम्म ती दुई आइमाईको कानमा गुन्जिरहे।

उज्यालो हुन थालिसकेको थियो। दुवै आइमाई बिहानीपखको त्यो मिर्मिरे उज्यालोमा जंगलको बाटो बिस्तारै अगाडि बढ्दै थिए।

"धेरै रमाइलो भएछ।"- आमाले भनिन्, उनी सोफियाको पछाडि हिंड्दै थिइन् - "एकदम सपना जस्तो लागिरहेछ। मान्छेहरू वास्तविकता बुझ्न चाहन्छन्। साँच्ची त्यही हालत छ जस्तो बडा दिनको बेला अथवा ईष्टरको दिन बिहान प्रार्थना सुरु हुनु अगाडि जिर्गाघरमा हुने गर्छ, अझ पादरी आइपुगेको छैन, चारैतिर अन्धकार र अनौठो निस्तब्धता फैलिएको छ। अनि बिस्तारै मानिसहरू जम्मा हुन थाल्छन्...। सुरुमा एउटा मूर्ति अगाडि मैनबत्ती बालिन्छ र अनि फेरि अर्को मूर्ति अगाडि बिस्तारै अन्धकार घट्दै जान्छ र ईश्वरको घर प्रकाशले जगमगाउँछ।"

"साँच्चै हो।"- सोफियाले उल्लासपूर्ण स्वरमा भनिन् : "खालि फरक यति मात्र छ यहाँ पूरा संसार नै ईश्वरको घर बनेको छ।"

"पूरा संसार।"- आमाले केही सोच्दै टाउको हल्लाइन् र सोफियाका ती शब्दहरू दोहऱ्याइन् : "यो कुरा साँचो भैदिए कति जाती हुन्थ्यो।....तपाईंले सब कुरा अति राम्ररी बुझाइदिनुभयो। असाध्यै राम्ररी। मचाहिं पीर मान्दै थिएँ मन पराउने हुन् कि होइनन् उनीहरूले तपाईंलाई...।"

सोफिया एकछिन चुप लागिन्।

"उनीहरूसँग संगत गर्दा मान्छे कति सादा बन्दो रहेछ।"- सोफियाले अत्यन्त शान्त भावले गम्भीर स्वरमा भनिन्।

अगाडि बढ्दै उनीहरू रीबिन र त्यो रोगी, ती नवयुवकहरूबारे कुरा गर्दै थिए जो त्यति ध्यानपूर्वक चुपचाप उनीहरूको कुरा सुन्दै थिए, अप्ठ्यारो मान्दै थिए र उनीहरूको आराम सम्बन्धी सानातिना कुराहरूमाथि समेत ध्यान दिएर आफ्नो कृतज्ञता व्यक्त गर्दै थिए। छिट्टै उनीहरू खेतमा पुगे, मानौं उनीहरूको स्वागत गर्दै टाढा क्षितिजमा सूर्यको किरण देखा पर्दै थियो। सूर्य आफैं अझ देखा परिसकेको थिएन। तर उसका गुलावी निर्मल किरण पखेटा जस्तो आकाशमा फैलिएको थियो, घाँसमा शीतका थोपाहरू बसन्ती उल्लाससहित चम्कँदै थिए। चराहरू बिउँभिसकेका थिए र उनीहरूको मीठो र रमाइलो कलरवले त्यस प्रातःकालीन वातावरणलाई सजीव तुल्याएको थियो। ठूलाठूला कौवाहरू आफ्ना गऱ्हौं पखेटाहरू फटफटाउँदै, का-का.... गर्दै नजीकैबाट उडेर गए। कतैबाट पंक्षीको सिटी जस्तो आवाज आइरहेको थियो। अब टाढाटाढाका दृश्यहरू पनि स्पष्ट देखिन थालेका थिए, मानौं उदीयमान सूर्यको अभिवादन गर्न पहाडहरूले राति ओढ्ने कालो पछ्यौराको कसर हटाउँदै छन्।

"कहिलेकाहीं मान्छे बोल्याबोल्यै हुन्छ तर उसको एउटा कुरा पनि बुझिन्न, अनि अकस्मात उसको एक शब्दले सब कुरा स्पष्ट पारिदिन्छ।"- आमाको विचारमग्न हुँदै भनिन् - "त्यो रोगीको कुरा पनि यस्तै थियो। कारखानामा, अरू ठाउँहरूमा कसरी मजदूरहरूलाई जोताउँछन् भन्ने कुरा मैले धेरै सुनिसकेकी छु र आफैंले पनि धेरै कुरा देखिसकेकी छु। तर बिस्तारै यी कुराहरूको बानी पर्दै जाँदो रहेछ र हृदयमा कुनै पनि असर पर्न छोड्दो रहेछ। तर त्यो रोगीले जे जति कुरा गऱ्यो त्यो चाहिं निकै भयंकर थियो। अत्यन्त घृणित कुरा थियो। हे भगवान्, कस्तो अन्याय त। मालिकहरूको क्षुद्र आमोदप्रमोदको लागि मानिसहरूले आफ्नो सम्पूर्ण जीवन बरबाद गर्नुपर्दो रहेछ।"

आमाको विचार त्यस रोगीको जीवनमाथि केन्द्रित भयो र उनको स्मृतिमा अरू कैयौं त्यस्ता दृश्यहरू घुम्न थाले जसबारे उनले सुनेकी र बिर्सिसकेकी थिइन्।

"लाग्छ उनीहरूले आफ्नो पेटभित्र यति कुरा खाँदिसकेका छन् कि उनीहरूलाई सब कुरा वाक्क लागिसकेछ।

...क्रमशः

# नारायणीमा पानीको सतह बढ्यो, सर्तकता अपनाउन आग्रह

**काठमाडौं ।** नारायणी नदीमा पानी सतह पार गरेसँग तल्लो तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रहन गरिएको छ । नारायणी नदीले सतर्कता विन्दु पार गरेको जल मापन केन्द्र देवघाटले जनाएको हो ।

देवघाटको जलमापन केन्द्रले अहिले नारायणी नदीमा ७.३४ मिटर पानीको सतह रहेको छ । नारायणीमा यस वर्षकै उच्च पानीको सतह पुगेको मापन केन्द्रले जनाएको छ । देवघाटमा ७.३ मिटर पानीको सतह पुग्दा सतर्कता तह मानिन्छ । जल मापन केन्द्रमा पानीको सतह ९ मिटर पुगेपछि खतराको तह मानिन्छ ।

नवलपुरका प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठले नदीमा पानीको सतह निरन्तर बढ्दै गएपछि नदीको तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित रहन आग्रह गरिएको जनाइन् । नदीको बाढीबाट जिल्लाको गैंडाकोट, मध्यविन्दु, कावासोती र देवचुली नगरपालिकाका नदी तटीय वडा डुबान तथा कटानको जोखिममा रहेका श्रेष्ठको भनाइ छ ।

प्रजिअ श्रेष्ठले स्थानीय प्रशासनले विपदजन्य जोखिम न्यूनीकरण तथा राहत र उद्धारका लागि पूर्वतयारीका सबै काम गरेको बताइन् । पहिरो, बाढी, डुबान तथा कटानमा परेका नागरिकको उद्धार र राहतको लागि पूर्वतयारीका काम गरेको हो । बाढी पहिरो प्रभावित घरपरिवारको विवरण संकलन गर्ने तथा उनीहरूको व्यवस्थापनमा के-कस्ता काम गर्नुपर्छ भन्ने बारेमा पूर्वतयारीका सबै काम गरिएको प्रजिअ श्रेष्ठले बताइन् ।

जिल्लाको विपद व्यवस्थापनका लागि तीन वटै सुरक्षा निकाय, रेडक्रस तथा विषयगत संघसंस्थालाई तालिमसहित तयारी अवस्थामा राखिएको प्रजिअ श्रेष्ठले बताए । 'सकेसम्म विपद हुनै नदिने र भइहालेको अवस्थामा विपद व्यवस्थापनसम्बन्धी तालिम लिएका सुरक्षाकर्मी र अन्य संघसंस्थाका प्रतिनिधिलाई परिचालन गर्नेगरी तयारी थालिएको छ' प्रजिअ श्रेष्ठले भनिन् ।

# सरकारी निकायले गर्ने छानबिनमा अविश्वास किन ?

**काठमाडौं ।** नेपाली कांग्रेसका महामन्त्री एवं सांसद विश्वप्रकाश शर्माले सुन तस्करी प्रकरणको विषयमा सरकारी निकायले गर्ने छानबिनमा अविश्वास गर्न नहुने बताएका छन् । प्रतिनिधिसभाको बैठकबीच आफ्ना धारणा व्यक्त गर्दै उनले सुन तस्करी प्रकरणमा सरकारी निकायले छानबिन र अनुसन्धान गरिरहेकाले संयमित र धैर्य कायम गर्न समेत प्रतिपक्षका सांसदलाई आग्रह गरेका हुन् ।

कानून र संविधानले बलियो बनाएको संस्थामाथि अविश्वास उत्पन्न हुने कारण समेत खोज्नुपर्ने भन्दै शर्माले भने- 'सुन तस्करी प्रकरणमा सरकारको एउटा हातले कमजोरी गर्‍यो एयरपोर्टमा, अर्को हातले फेरि पक्रिया सिनामंगलचोकमा, यो बिर्सन हुन्न ।' कुनै पनि बहानामा सदन अवरुद्ध गर्न नहुने बताएका शर्माले भने- 'राजनीतिक प्रकृतिका घटना भए राजनीतिक मानिस राखौं, सम्मानीत न्यायमूर्ति राखौं, अनुसन्धान गरौं र निष्कर्षमा पुगौं । हामीलाई को प्रति अविश्वास हो ? हामीले पालैपालो सरकारमा बसेर बनाएको संस्थाहरूप्रति हामी आफैं अविश्वास गर्दैछौं ।'

सांसदहरूलाई सदन अवरुद्ध नगर्ने संकल्प गर्नुपर्ने उनको भनाइ थियो । 'आज संसद खुलेको छ, एकअर्कामा बधाई साटासाट गर्नुपर्ने अवस्था छ । सदन खुलेको हो भने कति दिनका लागि खुलेको हो ? यसबारे कसलाई प्रश्न गर्ने ?' उनले भने- 'हरेक समस्याको हल संसद बन्द गरेर हुँदैन ।'

# भूटानलाई पराजित गर्दै मछिन्द्र क्लब दोस्रो चरणमा

**काठमाडौं ।** त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा सम्पन्न एसियाली फुटबल महासंघ (एएफसी) एएफसी कप फुटबल प्रतियोगितामा नेपालको मछिन्द्र क्लबले भुटानको पारो एफसी क्लबलाई पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेको छ । खेलमा मछिन्द्र क्लब पारो एफसी क्लबलाई ३-२ गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको दोस्रो चरणमा प्रवेश गरेको हो ।

सहिद स्मारक ए डिभिजन लिगको उपविजेता बनेको मछिन्द्रले एएफसी कप खेल्ने अवसर पाएको हो । लिगमा च्यापियन बनेको चर्च ब्वाइज क्लबसँग एएफसी क्लबको लाइसेन्स नहुँदा उपविजेता बनेको मछिन्द्रले मौका पाएको हो ।

खेलमा पहिलो अग्रता भने पारो एफसीले लियो । खेल सुरु भएको सातौं मिनेटमा काजुओ होम्माले गोल गर्दै सुरुआती अग्रता दिलाए । पारो एफसीले गोल गरेको पाँच मिनेट पनि बित्न नपाउँदै मछिन्द्रले गोल फर्कायो । मछिन्द्रका खेलाडी विमल घर्तीमगरले खेलको १२ औं मिनेटमा गोल गर्दै खेललाई एक-एक गोलको बराबरीमा ल्याए । एरिक विष्टको छोटो कर्नर पासमा आयुष घलानको सहयोगमा विमलले हेडरमार्फत सुन्दर गोल गरे ।

खेलको १५ औं मिनेटमा आयुष घलानले नै गोल गर्दै मछिन्द्रको अग्रता दोब्बर बनाए भने खेलको ३९ औं मिनेटमा विदेशी खेलाडी अफिज ओलावालेले गोल गर्दै मछिन्द्रको अग्रता तेब्बर बनाए । उनले ओमोलाजा करिमको पासमा गोल गरेका हुन् । खेलको पहिलो हाफसम्म ३-१ गोलको अग्रता लिएको मछिन्द्रले खेलको दोस्रो हाफमा एक गोल खान पुग्यो । खेलको ७१औं मिनेटमा पारो एफसीका इभान्स अशान्तेले एक गोल थपे ।

यो जितसँगै अब मछिन्द्रले एएफसी कपको दोस्रो चरणमा साउन ३१ गते भारतको मोहन बगान क्लबसँग खेल्नेछ । यस खेलको विजेताले बंगलादेशको ढाका अबहानी क्लब र माल्दिभ्सको क्लब इगल्स बीचको विजेतासँग आगामी भदौ ५ गते खेल्नेछ । मछिन्द्रले गत वर्ष पनि एएफसी कपको प्रारम्भिक चरण खेलेको थियो ।

# खाद्यवस्तुको चर्को मूल्यवृद्धि : अनुगमन तीव्र बनाउन मन्त्रीको निर्देशन

**काठमाडौं ।** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले तत्काल बजार अनुगमन तीव्र बनाउन मातहतका निकायलाई निर्देशन दिनुभएको छ ।

मन्त्रालयमा आयोजित 'चामल लगायत अन्य दैनिक अत्यावश्यक खाद्यवस्तुमा भएको मूल्य वृद्धि, दुर्गम क्षेत्रमा खाद्यान्न आपूर्ति तथा बजारको नियमन' सम्बन्धी विषयको समीक्षा कार्यक्रममा मन्त्री रिजालले अनुगमनलाई निरन्तरता दिन, बजारमा मूल्यवृद्धि हुन नदिन निर्देशन दिएका हुन् ।

मन्त्री रिजालले चाडपर्वलाई समेत ध्यान दिँदै आपूर्ति व्यवस्थालाई सरल, सहज, नियमित र सर्वसुलभ बनाउन तथा बजारको अनुशासन कायम गर्न सम्बद्ध सबैलाई आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग र समन्वय गरी कार्य गर्न निर्देशन दिए । कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवहरू, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक, मन्त्रालयका सहसचिवहरू तथा आपूर्तिसँग सम्बन्धित संस्थानका प्रमुखको उपस्थिति रहेको थियो ।

आसन्न चाडपर्वको समयमा खाद्यान्नको पर्याप्त उपलब्धता, दुर्गम क्षेत्रमा खाद्यान्नको आपूर्ति व्यवस्था तथा खाद्य सुरक्षा प्रत्याभूतिका लागि पर्याप्त मौज्दात राख्नेसम्बन्धी विषयमा समेत कार्यक्रममा छलफल भएको थियो ।

कार्यक्रममा बजार अनुगमन निर्देशिका, २०७९ बमोजिम संयुक्त र विषयगत टोलीबाट बजारको नियमितझरु रूपमा अनुगमन गर्ने, कार्ययोजनासहित बजार अनुगमनलाई थप प्रभावकारी बनाउने, बजारमा देखिएको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रणका लागि सबै सम्बद्ध निकायबाट समन्वय तथा सहकार्य गर्ने, अत्यावश्यक वस्तुको आपूर्ति र खाद्य सुरक्षाका लागि खाद्यान्नलगायतका वस्तुको तोकिएबमोजिमको मौज्दात कायम राख्ने र स्थानीय बजार व्यवस्थापनका लागि सबै स्थानीय तहलाई अत्यावश्यक वस्तुको आपूर्ति, गुणस्तर, परिमाण र मूल्यका सम्बन्धमा नियमित बजार अनुगमनको व्यवस्था मिलाउन आवश्यक सहजीकरण गर्ने विषयमा पनि छलफल समेत भएको थियो ।

# अविरल वर्षाका कारण म्याग्दीका मुख्य सडक अवरुद्ध

**काठमाडौं ।** अविरल वर्षासँगै म्याग्दीका सदरमुकामब बेनीदेखि छिमेकी जिल्ला मुस्ताङ र म्याग्दीका ग्रामीण क्षेत्र जोड्ने सडकमा यातायात प्रभावित भएको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीका प्रमुख राजेन्द्र पौडेलले रघुगंगा गाउँपालिका-२ बैसरी र अन्नपूर्ण गाउँपालिका- २, नौनीबगरको पहिरोले बेनी-जोमसोम सडक अवरुद्ध बनेको बताएका हुन् ।

बेनी-जोमसोम र बेनी–दरवाङ म्याग्दीका प्रमुख सडक अवरुद्ध भएको छ । आइतबारदेखि बैसरीमा बन्द भएको म्याग्दीको रघुगंगा, अन्नपूर्ण गाउँपालिका हुँदै मुस्ताङ जिल्ला जोड्ने बेनी-जोमसोम सडक मंगलबार साँझसम्म पनि खुलेको छैन । बेनी-जोमसोम-कोरला सडक आयोजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले निरन्तरको झरीसँगै पहिरो खस्न नरोकिएकाले सवारी आवतजावत खुलाउन नसकिएको बताए ।

बेनी-जोमसोम सडक अवरुद्ध हुँदा स्थानीयवासीका साथै मुस्ताङ जाने आउने तीर्थयात्री, पर्यटक र स्थानीयवासी मर्कामा परेका छन् । ढुवानी र निकासी ठप्प भएको छ । जिल्ला प्रशासन कार्यालय म्याग्दीले पहिरोको जोखिमयुक्त क्षेत्र मानिएको बेनी-जोमसोम सडकको राहुघाट-तातोपानी खण्डमा रातको समयमा यात्रा नगर्न अनुरोध गर्दै सार्वजनिक सूचना जारी गरेको छ ।

बेनी नगरपालिका र मंगला गाउँपालिकाको सिमानामा पर्ने फापरखेतको पहिरोका कारण धौलागिरि, मालिका र मंगला गाउँपालिकालाई सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडक पनि मंगलबार बिहानदेखि बन्द छ ।

सोमबार राति खसेको पहिरो बिहान पन्छाएर सवारी आवतजावत खुलाएपछि अपराह्न पुनः पहिरो खसेर अवरुद्ध बनेको बेनी नगरपालिका-४ का वडासदस्य प्रेम श्रीसले बताए । काम विशेषले गन्तव्यमा पुग्नुपर्ने यात्रु पैदलयात्रा गर्न बाध्य भएका छन् ।

# सामाजिक सञ्जाललाई जिम्मेवार र परिपक्व बनाउनुपर्नेमा जोड

**काठमाडौं ।** प्रेस काउन्सिल नेपालले भक्तपुरद्वारा आयोजित दुई दिने सम्पादक सम्वाद कार्यक्रमले पत्रकारितामा बढ्दो सामाजिक सञ्जाल दुरूपयोगको व्यवस्थापनका लागि सचेतना बढाउनुपर्ने निष्कर्ष निकालेको छ । मंगलबार मिडियामा सामाजिक सञ्जालको भूमिका, व्यवस्थापन र प्रभावबारे कार्यपत्र प्रस्तुत गर्दै सामाजिक सञ्जाल विज्ञ डा राजिव सुब्बाले सामाजिक सञ्जालको नियमनबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासका सम्बन्धमा जानकारी गराउका थिए ।

सामाजिक सञ्जालमा आउने नकारात्मक र द्वेषपूर्ण प्रचारलाई सञ्जालकै माध्यमबाट सुसूचीत गर्नुपर्ने भन्दै डा सुब्बाले सामाजिक सञ्जाललाई नजर अन्दाज गर्नुभन्दा आत्मसात गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए । सामाजिक सञ्जालको प्रयोग गरेर नै सेवा प्रवाहमा उल्लेख्य योगदान पुऱ्याउन सकिने उनको भनाइ थियो ।

सामाजिक सञ्जालको रचनात्मक प्रयोग बढाउन आवश्यक रहेको काउन्सलिका अध्यक्ष बालकृष्ण बस्नेतको भनाइ थियो । उनले पत्रकारिता र सामाजिक सञ्जालको प्रयोगलाई जोडेर काउन्सलिलले सचेतनामूलक कार्य गर्न र स्वनियमनका लागि आवश्यक काम गरी रहेको जानकारी दिए ।

कार्यक्रममा न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्काले सामाजिक सञ्जालको प्रभाव मुलधारका सञ्जाल माध्यमभन्दा प्रभावशाली देखिन थालेकाले सामाजिक सञ्जाललाई जिम्मेवार र परिपक्क बनाउनुपर्ने जोड दिइन् । यसैबीच सूचना तथा प्रसारण विभागका महानिर्देशक शङ्कर नेपालले दर्ता नभएका सञ्चार माध्यम र सामाजिक सञ्जाललाई कार्यविधि बनाएरै भए पनि तत्कालको समस्या सम्बोधनका लागि गृहकार्य गरिरहेको जानकारी दिए ।

यसअघि सोमबार 'न्यू मिडिया' र पत्रकार आचारसंहिताका चुनौती विषयक सम्पादक सम्वाद कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको प्रमुख आतिथ्यतामा सम्पादकहरूले छलफल गरेका थिए ।

# माओवादी केन्द्रीय समितिको बैठक : विशेष महाधिवेशन गर्ने निर्णय

**काठमाडौं ।** पार्टीलाई अग्रणी बनाउने उद्देश्यका साथ नेकपा (माओवादी केन्द्र)ले विधिसम्मत र वैचारिक दृष्टिकोणबाट विधान सम्मेलन हुँदै विशेष महाधिवेशनमा जाने निर्णय गरेको छ ।

माओवादी केन्द्रका प्रवक्ता अग्निप्रसाद सापकोटाका अनुसार गत असार १७ देखि २१ सम्म राजधानीमा चलेको केन्द्रीय समितिको चौंथो पूर्ण बैठकबाट तीन महिनापछि विधान सम्मेलन र लगत्तै विशेष महाधिवेशन गर्ने निर्णय गरेको हो । हालसालै सम्पन्न केन्द्रीय समिति बैठकको निर्णयका सम्बन्धमा पार्टी मुख्यालय पेरिसडाँडामा सञ्चारकर्मीसँग छलफल गर्दै सापकोटाले विधान सम्मेलन र विशेष महाधिवशेन गर्ने केन्द्रीय समितिको निर्णय पार्टी जीवनमा कोशेढुङ्गा भएको बताए । 'केन्द्रीय समितिको बैठकले पार्टीलाई व्यवस्थित र क्रान्तिकारी बनाउन सर्वाधिक महत्वपूर्ण निर्णय लिएको छ' उनको भनाइ थियो ।

आगामी मंसिरमा विधान सम्मेलन गर्ने निर्णय गरेको माओवादीले सम्मेलनमार्फत भद्दा रहेको सांगठनिक संरचनालाई चुस्तदुरुस्त बनाउने, पार्टीलाई व्यवस्थित बनाउन प्रत्येक कमिटीमा लोकतान्त्रिक पद्दति अनुशरण गर्ने तयारी गरेको छ ।

प्रवक्ता सापकोटा विधान सम्मेलनले पार्टीमा विधि बसाल्ने र विधिमार्फत पार्टी सुव्यवस्थित ढंगले सञ्चालन हुने विश्वास व्यक्त गरे । 'संगठनात्मक संरचना छरितो बनाउने, पार्टीमा विधि स्थापित गर्ने उद्देश्यका साथ विधान सम्मेलन गर्न लागिएको हो' प्रवक्ता सापकोटाले भने ।

उनले विधान सम्मेलनले गर्ने निर्णय निकै महत्वपूर्ण हुने उल्लेख गर्दै विधि, पद्दति र प्रक्रियाको टुंगो लगाउने विधिस गरे । 'पार्टीमा 'सिस्टम' बसेको छैन, सिस्टम बस्यो भने संरचना क्रियाशील हुन्छन्' प्रवक्ता सापकोटाले भने 'सिस्टम बसाल्ने ध्ययेले सम्मेलन गर्ने निर्णय गरिएको हो ।'

केन्द्रीय समिति बैठकमा सदस्यहरूले पार्टी कमिटी अत्यन्त भद्दा हुँदा कामयवी नदेखिएको, केन्द्रदेखि तल्ला कमिटीको संरचना सानो छरितो बनाउनुपर्नेसहितका सुझाव दिएका थिए । केन्द्रीय समितिको भावनाअनुसार विधान सम्मेलनमार्फत दुई अंकको केन्द्रीय समिति बनाउने माओवादीको तयारी छ ।

प्रवक्ता सापकोटाले विधान सम्मेलनमार्फत पार्टीलाई व्यवस्थित र वैचारिक दृष्टिकोणबाट क्रान्तिकारी बनाउन विशेष महाधिवशेन गर्न लागिएको बताए ।

यसैबीच माओवादीले पार्टीलाई जनतासँग जोड्नका निम्ति आगामी भदौ १६ गतेदेखि देशभर एकसाथ रूपान्तरण विशेष अभियान सञ्चालन गर्ने भएको पनि प्रवक्ता सापकोटाले बताए । 'भदौ १५ सम्म हामी सम्पूर्णरूपले तयारी गर्छौं, तयारीका क्रममा बैठक, भेला, प्रशिक्षण र अन्तरक्रिया हुनेछ' उनले भने- 'अहिले तयारी बैठक सुरु भइसकेका छन्, धमाधम सात भौगोलिक र तीन गैरभौगोलिक गरी दश प्रदेश समितिका बैठक चलिरहेका छन् ।'

उनका अनुसार अभियानका क्रममा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सहितका सबै नेता ६ हजार ७ सय ४३ वटै वडामा खटिइने छन् । 'अभियानका क्रममा पार्टीलाई वैचारिक, राजनीतिक, संगठनात्मक र सांस्कृतिक रूपमा पुनर्गठन गर्छौं' प्रवक्ता सापकोटाले भने ।

## सेवा प्रवाह...

जिम्मेवारीको निरन्तरता दिने, पुरस्कृत वा कारबाही गर्ने आधार हुने स्पष्ट पार्न चाहन्छु।'

आयोजना कार्यान्वयनमा ठूलो भूमिका रहेको नेतृत्वको कार्यान्वयनमा उत्पन्न हुने बाधाअड्चन फुकाउने र अन्तर्निकाय समन्वयको दायित्व उत्तिकै रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले मन्त्री, सचिव तथा विभागीय प्रमुख र आयोजना प्रमुखलाई आफू मातहतका आयोजना तोकिएको समयमै सम्पन्न गर्न र प्रभावकारी कार्यान्वयनमा नतिजा हासिल हुने गरी कार्यसम्पादन गर्न निर्देशन दिए।

पूर्वतयारीविनाका आयोजनामा रकम विनियोजन गरिहाल्ने, निर्णय प्रक्रियामा जोखिम लिन नचाहने र कानुनी झन्झट देखाउने, टेबुल-टेबुलको शासन गर्न रमाउने तथा अन्तर्समन्वय गर्न नरुचाउने शासकीय प्रवृत्तिमा तत्काल सुधार गर्न समेत प्रधानमन्त्रीले निर्देशन दिएका छन्। विकासलाई बाधा पुऱ्याउने तत्त्वको समयमै पहिचान गरी नीतिगत तथा संस्थागत सुधारका कार्यलाई अघि बढाउन निर्देशन दिँदै आयोजनामा सिर्जना हुन सक्ने समस्याको तत्कालै समाधान गर्ने गरी प्रभावकारी व्यवस्था मिलाउन प्रधानमन्त्रीले आग्रह गरेका छन्। अहिलेको मुख्य चुनौतीका रूपमा रहेको विकास निर्माणको काममा समयमै निर्णय नगर्ने र अन्तर्निकाय समन्वय गर्नुपर्ने विषयमा आवश्यक तदारुकता नलिने प्रवृत्तिको अन्त्य गर्नुपर्नेमा प्रधानमन्त्रीले जोड दिएका छन्।

प्रचलित ऐन-नियमको परिधिभित्र रही निर्णय गर्न कसैले पनि हिच्किचाउनु नहुनेमा जोड दिँदै सार्वजनिक पदाधिकारीले असल नियतले गरेको निर्णयको बचावट र कर्मचारीको संरक्षण गर्न आफू सदैव प्रतिबद्ध रहेको प्रधानमन्त्रीले विश्वास दिलाए। मुलुकको विकास तथा समृद्धिमा बाधकका रूपमा रहेको भ्रष्टाचार उन्मुलनका लागि सरकारले अझै सशक्त कदम चाल्ने बताउँदै प्रधानमन्त्रीले भने- 'सुशासन, सामाजिक न्याय र समृद्धिको यात्राका लागि शासकीय संयन्त्र चुस्तदुरूस्त हुनैपर्छ। सरकारका भ्रष्टाचार विरोधी अभियान र कदमबाट पछिल्लो समयमा राज्य दोहनकर्ता र तस्करहरू तर्सिएका छन्, अत्तालिएका छन्।'

प्रधानमन्त्री दाहालले आफ्नो नेतृत्त्वको सरकारले अर्थतन्त्रको पुनरुत्थान, सार्वजनिक सेवा प्रवाहमा सुधार, सामाजिक न्याय, सुशासन र समृद्धिलाई केन्द्रमा राखी आफ्ना सम्पूर्ण शक्ति र सामर्थ्यलाई देश र जनताको हितमा परिचालन गर्न समर्पित रहेको उल्लेख गर्दै यसबाट समाजका सबै क्षेत्रमा सकारात्मक भाष्य र सरकारप्रतिको भरोसा बढेर गएको जिकिर गरे।

यसैबीच प्रधानमन्त्री दाहाल र विभागीय मन्त्रीबीच सरकारको चालु आवको वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनका सम्बन्धमा कार्यसम्पादन सम्झौता समेत भएको उल्लेख छ। सरकारले लिएका निर्धारित उद्देश्य हासिल गर्न सबै निकायलाई जिम्मेवार बनाउने उद्देश्यले प्रधानमन्त्रीले मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेको बताइन्छ।

सिंहदरबारस्थित प्रधानमन्त्री कार्यालयमा बिहीबार आयोजित सो कार्यक्रममा प्रधानमन्त्री दाहालसहित २१ मन्त्रालयका विभागीय मन्त्रीबीच कार्यसम्पादन सम्झौता भएको थियो। प्रधानमन्त्री दाहालले विभिन्न समयमा दिएका निर्देशन एवं सरकारले लिएका निर्धारित उद्देश्य हासिल गर्न सबै निकायलाई जिम्मेवार बनाउने उद्देश्यले प्रधानमन्त्रीले मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेको उल्ललेख गरिएको छ।

कार्यक्रममा विभिन्न मन्त्रालय तथा निकायबाट आर्थिक वर्ष २०७९/०८० को सरकारको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन सम्बन्धमा भएका कार्यहरूको वार्षिक प्रगति समीक्षा समेत गरिएको थियो। कार्यसम्पादन सम्झौतामा प्रत्येक मन्त्रालयले गरेको कामको अलग-अलग कार्यसूची तयार पारिएको छ। सम्झौतापत्रमा हासिल गर्नुपर्ने नतिजा सूचक राखिएको छ, जसमा नतिजा सूचक, भार, इकाइ, आर्थिक वर्ष २०७९/०८० को समग्र स्थिति र आर्थिक वर्ष २०८०/०८१ को लक्ष्य निर्धारण गरिएको उल्लेख छ।

सम्झौतापत्रमा सम्पादन गर्नुपर्ने प्रमुख कार्य, कार्यक्रम र क्रियाकलापको सूची तथा सो जिम्मेवारी पूरा गर्नुपर्ने समयसीमा उल्लेख गरिएको छ। मन्त्रालयले गर्नुपर्ने प्रमुख कार्यमा नेपाल सरकारको आर्थिक वर्ष २०८०/८१ को नीति, कार्यक्रम र बजेट, प्रधानमन्त्रीले विभिन्न समयमा प्रतिनिधिसभा र नेपाल सरकारका सचिवहरूलाई गरेको सम्बोधन, नेपाल सरकारको एकीकृत कार्ययोजना आदि सूचकलाई आधार बनाइएको छ।

अनुगमन तथा अन्य व्यवस्था समेत राखिएको सम्झौतापत्र संघीय सरकारको नीति, कार्यक्रम र बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना कार्यसम्पादन सम्झौताको अंगका रूपमा रहने व्यवस्था छ। अनलाइन प्रणालीमार्फत कार्यसम्पादनको प्रगति मासिक रूपमा प्रधानमन्त्री कार्यालयमा पठाउनुपर्ने र त्यसलाई मासिक तथा वार्षिक प्रतिवेदन र मूल्यांकनको आधार बनाइने पनि सम्झौतापत्रमा उल्लेख छ।

## विमानस्थल...

त्यसपछि पनि उच्चस्तरीय समिति गठनको प्रतिबद्धता गृहमन्त्रीबाट नआएको भन्दै एमालेको अवरोधले साउन २४ गतेको संसद चल्न सकेन र बैठक ( साउन २६ गते) शुक्रबारसम्मका लागि सारिएको छ। यसरी संसदको बैठक नियमित सञ्चालन नहुँदा प्रस्तुत भएका विधेयक अगाडि बढ्न पाएका छैनन् भने जनताको आवाज मुखरित हुने उपल्लो थलो मानिएको सदनमा जनप्रतिनिधिले बोल्न पाएका छैनन्।

अहिलेसम्मको अवस्थालाई आंकलन गर्दा सहमतिको कुनै विकल्प नदेखिएको स्थितिमा शुक्रबार आज पनि सदनको बैठक त्यतिकै स्थगन हुने विश्लेषण हुन थालेको छ। एमालेका प्रमुख सचेतक पदम गिरीले सत्तापक्षले उच्चस्तरीय समिति गठनमा चासो नदेखासम्म आफूहरूको अवरोध कायमै राख्ने बताए।

आगामी दिनमा सदनका बैठक चल्ने-नचल्ने भन्ने विपक्षीको हातमा रहेको राष्ट्रियसभामा सत्तापक्षका संसदीय दल (नेपाली कांग्रेस) का नेता रमेशजंग रायमाझीको धारणा रहेको छ। 'सरकारले अहिले भएको अनुसन्धानको निष्कर्ष ३५ दिनभित्र आउने भएकाले त्यसलाई हेरेर अर्को समिति बनाउने या नबनाउने विषयमा छलफल गरौं भनिसकेको छ' नेता रायमाझीले भने- 'त्यो समयसम्म सबैले कुर्नुपर्छ। सदनलाई अवरोधमा राखिरहनु हुँदैन। आफ्ना कुरा राखेपछि अरुका कुरा पनि राख्न दिनुपर्छ।'

एक सय किलोभन्दा बढी अवैध सुन बाहिरिएर पक्राउ परेदेखि नै सरकारका तर्फबाट अनुसन्धानलाई तार्किक निष्कर्षमा पुऱ्याउने र दोषीलाई कुनै पनि हालतमा नछाडिने प्रतिबद्धता आइरहेको स्थितिमा प्रतिपक्ष दल एमालेको ढिपीले पटकझ-पटक सदन अवरुद्ध भइरहँदा जनताका कतिपय महत्वपूर्ण विषय ओझेलमा परिरहेको रायमाझीले बताए।

# एमालेलाई माओवादीको प्रश्न : सुन तस्करीको अनुसन्धानमा सहयोग गर्न केले छेक्यो ?

**काठमाडौं।** सत्तारुढ नेकपा (माओवादी केन्द्र) ले प्रमुख प्रतिपक्षी नेकपा (एमाले) लाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध रूपमा सुन बाहरिएको विषयको अनुसन्धानमा सहयोग गर्न आग्रह गरेको छ।

प्रतिनिधिसभाको बैठकको शून्य समयमा बोल्दै माओवादी केन्द्रका सांसद् देवेन्द्र पौडेलले अवैध रूपमा भइरहेको सुनको तस्करीलाई रोक्न वर्तमान सरकारले चालेको कदमलाई सहयोग गर्न केले रोक्यो भनेर प्रश्न गरेका छन्। 'यसभन्दा पहिले पनि सरकार र गृह मन्त्रालयल थियो तर सुन आउने-जाने त भइरहेकै रहेछ। सुनको व्यापार त भइरहेकै रहेछ, तर यही सरकारले खोजेर यो प्रकरण रोक्नुपर्छ भनेर आएको विषयलाई सहयोग गर्नका लागि प्रतिपक्षलाई केले छेक्यो ?' उनले प्रश्न गरे।

संविधान निर्माणका क्रममा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो, राजस्व अनुसन्धान विभाग, सम्पत्ति शुद्धीकरण विभाग, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरूपयोग अनुसन्धान आयोग राख्नुपर्छ भन्दा कसैको विमति नभएको स्मरण गराउँदै सांसद् पौडेलले संविधानमा व्यवस्था भएका यी सबै संरचनालाई पार्टीविशेषका संस्थाका रूपमा नबुझ्न आग्रह गरे। सम्बन्धित निकायले दृढतापूर्वक छानबिन अगाडि बढाइरहेका बेला अर्को समिति बनाइनु उचित नहुने उनले बताए। 'यी संस्था संवैधानिक हिसाबले निर्णय गरेर अगाडि बढाइएका राज्यका निकाय होइनन् ? यी निकायले काम गर्दैगर्दा अर्को छानबिन समिति बनाउँदा गरिराखेको छानबिनमाथि प्रश्न उठ्दैन ?' उनले प्रश्न गरे।

माओवादी उच्चस्तरीय छानबिन समितिको विरोधी नभएको प्रष्ट पार्दै छानबिनको निष्कर्ष नआउँदासम्मका निम्ति धैर्यतापूर्वक बस्न एमालेलाई उनले आग्रह गरे। गृहप्रशासन र राज्यका अन्य निकायले गरिरहेका कामका लागि सहयोग गर्न समेत पौडेलले प्रतिपक्षीसँग आग्रह गरे।

# सुन तस्करी प्रकरणमा कसैलाई छुट हुँदैन : उपप्रधानमन्त्री

**काठमाडौं।** प्रतिनिधिसभाको बैठकलाई सम्बोधन गर्दै उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सुन तस्करी प्रकरणमा जो कोही दोषीलाई कुनै पनि हालतमा छुट नहुने प्रतिबद्धता व्यक्त गरेका छन्। कुनै पनि हालतमा सुन तस्करी प्रकरणको अनुसन्धानलाई निष्कर्षमा पुऱ्याएर दोषीलाई कारबाही गरिछाड्ने बताएका उनले मंगलबार प्रतिनिधिसभाको बैठकबीच सांसदहरूले उठाएका जिज्ञासा मेटाउँदै सरकारले सुन प्रकरणमा निष्पक्ष अनुसन्धान गर्न सम्पूर्ण ध्यान केन्द्रित गर्ने स्पष्ट पारेका हुन्।

'सरकार अनुसन्धानमा केन्द्रित हुन्छ, सबैले सकारात्मक वातावरण बनाऔं, कसैलाई छुट नदिने गरी जाऔं, पहिचान र काबाही गरिछाडौं' उनको भनाइ थियो। राज्यका निकायलाई सबैले विश्वास गर्नुपर्नेमा जोड दिँदै उनले समानान्तर समिति बनाउनु उचित नहुने बताए। 'निर्धारित समयभित्र सिआइबीले अनुसन्धान गर्दा कुनै दुर्नियत देखियो वा छानबिनलाई तार्किक निष्कर्षमा पुऱ्याउन सकेन भने नयाँ शिराबाट बहस गरौं' उने थपे- 'तस्करी र भ्रष्टाचारीलाई छुट दिन हुँदैन, यस प्रकरणलाई विचलित हुन नदिऔं।'

सबैको सकारात्मक दृष्टिकोण र समर्थनका साथ यस प्रकरणलाई तार्किक निष्कर्षमा पुऱ्याइने प्रतिबद्धता व्यक्त गरेका उनले विद्युतीय चुरोट (भेप) भित्र सुन ल्याइएको विषयमा दोषी देखिएका कारबाहीको दायरामा आउने समेत बताए। 'यस प्रकारको गतिविधिको पुनरावृत्ति नहोस् भन्नाका निम्ति त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको समग्र सुरक्षा र व्यवस्थापनलाई पुनरावलोकन गर्नुपर्ने आवश्यकता छ' उनको भनाइ थियो- 'त्यसलाई सुधार गर्न आवश्यक नीति, निर्णय र कार्ययोजना निर्माण गर्नुपर्नेछ।'

तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद ओलीका पालामा बनेको छानबिन समितिले २०७० देखि २०७४ सालसम्म सात हजार नौ सय ९९ किलो सुन भित्रिएको ठहर गरेको भए पनि अहिलेसम्म त्यसको कुनै अत्तोपत्तो नलागेकातर्फ पनि गृहमन्त्री श्रेष्ठले औंल्याए- 'पछिल्लो ३३ किलो सुनमा केन्द्रित गरियो, एक तोला एक ग्राम सुन पनि पत्ता लागेन। तस्करी भइरहेको छ। अहिले पनि एक सय ५५ किलो मात्रै हो कि योभन्दा बढी पनि आएको हुनुपर्ने आकलन छ।'

'सुन तस्करीको 'ट्रान्जिट प्वाइन्ट' नेपाल बनाइँदै छ। यसबाट नेपालको अर्थतन्त्र र सुरक्षालाई धरासायी बनाउनका साथै छिमेकी राष्ट्रलाई पनि नकारात्मक असर पुऱ्याउने काम भएको छ' उनको भनाइ थियो।

उनले सुन तस्करी अहिलेको मात्र नभइ हिजो पनि भइरहेकै थियो भनेर चुप लागेर बस्न नमिल्ने भन्दै दोषीलाई कानुनको दायरामा ल्याउनैपर्ने जिकिर गरे। सुन तस्करी प्रकरणका घटना नदोहोरियोस् भन्नका लागि विमानस्थलको सुरक्षा र व्यवस्थापनको सन्दर्भमा पुनरावलोकन गरेर नयाँ नीति लागू गर्नुपर्नेमा उनको जोड थियो।

राजस्व अनुसन्धान विभागले यही साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैधरूपमा बाहिरिएको झण्डै एक सय ५५ किलो सुन नियन्त्रणमा लिएको थियो। सरकारले सुन तस्करी अन्तरदेशीय संगठित अपराध भएको ठहर गर्दै यही साउन २१ गते नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)लाई अनुसन्धान गर्न जिम्मा दिएको थियो।

मंगलबार पनि प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले सुन तस्करी प्रकरणको अनुसन्धानका लागि उच्चस्तरीय छानबिन समिति गठन गर्ने सरकारको प्रतिबद्धता नआएको भन्दै प्रतिनिधिसभाको बैठक अवरोध गरको थियो। उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले सुनतस्करीका सम्बन्धमा सदनमा दिएको जवाफप्रति असन्तुष्टि पोख्दै एमालले बैठक अवरुद्ध गरेको हो।

**डेंगीबाट बचौं !!**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्यधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरू आउनु।
- वाकवाकी लाग्नु वा बान्ता हुनु।

यस्ता लक्षणहरू देखा परेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं